## संयुक्त इजलास

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-WO-११०७, उत्प्रेषण, परमादेश समेत, *मु.स. गर्ने मीना महर्जन वि. ललितपुर उपमहानगरपालिका, ललितपुर समेत*

पूर्णबहादुर महर्जनले निजको आफ्नो नाम दर्ताको ललितपुर उपमहानगरपालिका वडा नं. ३ स्थित कि.नं. १७० को ०-१-०-१ जग्गामा रहेको आफ्नो पुरानो घर भत्काई सोही स्थानको सोही क्षेत्रफल जग्गामा नयाँ घर बनाउन तयार गरेको नक्सा स्वीकृतिको लागि पेश भएकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले निर्धारण गरेका सम्पूर्ण कानूनी प्रक्रियाहरू पूरा गरी प्राविधिकबाट स्थलगत चेकजाँच समेत गराई नक्सा पास गर्ने गरेको विपक्षी ललितपुर उपमहानगरपालिकाको मिति २०६६।११।२१ को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CI-०६९९, निषेधाज्ञा, *पवनकुमार संघई वि. रामकुमार गुप्ता रौनियार*

नेपाल विकास बैंक काठमाडौंबाट ऋण लिई धितो राखेको घरजग्गा बैंकको नामबाट विपक्षी पवनकुमारको नाममा राजीनामा गर्दा सो बैंकबाट प्रत्यर्थी निवेदकले साँवा ब्याजसहित पुनरावेदक विपक्षी पवनकुमारलाई बुझाएपछि पवनकुमारले निवेदकलाई सो घरजग्गा फिर्ता गर्ने शर्तनामा मिति २०६४।८।१२ मा भएको पाइन्छ । करारनामाको कागजमा घर जग्गामा यी पुनरावेदकको भोग रहने भन्ने उल्लेख भएको देखिँदा शर्तनामामा उल्लिखित घर जग्गाका प्रत्यर्थीको भोग बसोबास नरहेको भनी भन्न मिल्ने अवस्था देखिएन । शर्तनामाको कागजअनुसार निवेदक रामकुमार गुप्ताले अन्तिम भाखासम्ममा पुनरावेदक पवनकुमारलाई साँवा ब्याज रकम भुक्तानी गरेपछि घरजग्गा पवनकुमारका नाममा रजिष्ट्रेशन पारीत गरिदिनु पर्ने स्पष्ट व्यवस्था भई सो भाखाभित्र रकम नबुझाएमा मात्र पुनरावेदकले कानूनबमोजिम कारवाही गरी घर खाली गराउन पाउने व्यवस्था भएको पाइन्छ । करार सम्झौताबमोजिम घर खाली बनाउनको लागि आधिकारिक निकायमा उजूर गरेको भन्ने पुनरावेदनको दावी रहेको पनि पाइँदैन । करारको कार्यान्वयनको क्षेत्राधिकार विपक्षी जिल्ला प्रशासन कार्यालय समेतलाई नरहे नभएको सम्बन्धमा थप विवेचना गर्नु नपर्ने देखिएन । जिल्ला प्रहरी कार्यालय, पर्साले निवेदकको पत्नी आशा गुप्तालाई विवादित घर खाली गराउन २ दिनको समय दिएको देखिएबाट निवेदकले शर्तनामाबमोजिम साँवा ब्याज बुझाएमा निजले फिर्ता पाउने घरजग्गा विपक्षी पवनकुमारको एन.आइ. सी. बैंकमा धितो राखी ऋण कर्जा निकालेको र घरजग्गा खाली गराउन लागेको आशङ्काको स्थिति पुष्टि हुन गएको देखिँदा निवेदक बसोबास गरिरहेको कि.नं. ३२१ को घर जग्गाबाट कानूनी प्रक्रिया पूरा नगरी गैरकानूनी तवरबाट ननिकाल्नु, निकाल्न नलगाउनु, घर खाली नगराउनू, गराउन नलगाउनू भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३१ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५-WO-०७०४, प्रतिषेध, *पवनकुमार संघई वि. रामकुमार गुप्ता रौनियार समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-WH-००२८, बन्दीप्रत्यक्षीकरण, *विक्रम शर्मा (परिवर्तित नाम) समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

केही सार्वजनिक अपराध मुद्दामा अभियोग लगाइएका निवेदकहरूबाट जिल्ला प्रशासन कार्यालय,

काठमाडौंबाट मिति २०६९।६।२२ मान्य भएको थुनछेकको आदेश हेर्दा जनही रू. २५,०००।- धरौटी माग भएकोमा सो तिर्न बुझाउन नसकी थुनामा रहेको पाइयो । अभियोग लागेको निवेदकहरू नाबालक रहेको तथ्यमा विवाद नरहेको अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ र यस अदालतबाट विभिन्न समयमा प्रतिपादित सिद्धान्त समेतबाट निवेदकहरूलाई माग गरेको धरौट दिन नसकेको आधारमा बालसुधार गृहमा पुर्पक्षको लागि थुनामा राख्न पठाउने गरेको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट भएको मिति २०६९।०६।२२ को आदेश सो हदसम्म कानूनसम्मत् नदेखिँदा निवेदकहरू विक्रम शर्मा, राहुल शर्मा र लक्ष्मण लाम्दागेको हकमा केही सार्वजनिक अपराध मुद्दामा माग भएको धरौट बुझाउन नसकेको आधारमा पुर्पक्षको लागि बालसुधार गृह सानोठिमी भक्तपुरमा पठाउने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६९।०६।२२ का आदेश सो हदसम्म त्रुटिपूर्ण देखिई कायम रहन नसक्ने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा बदर भै निवेदकलाई बालसुधार गृहबाट झिकाई निजहरूलाई अभिभावक वा कानून व्यवसायी जिम्मा लगाउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा आदेश समेत जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०७०१, दर्ता फारी कित्ताकाट, *मु.स. गर्ने दीलिपराजा कायस्थ वि. मैया त्वायना बासु*

विवादको जग्गा वादी प्रतिवादीहरूको नाममा संयुक्त दर्ता रहेकोमा दुबै पक्षको मुख मिलेकै देखिन्छ । यस्तो संयुक्त नाउँमा दर्ता रहेको जग्गा नरम गरम रोष्खपोख मिलाई कित्ता फोड गरी आ-आफ्नो हक हिस्सा छुट्ट्याई लिनसक्ने नै हुन्छ । कित्ताफोड गर्दा दुबै पक्षलाई मर्का नपर्ने गरी नरम गरम मिलाई कित्ता फारी गर्नुपर्ने हुन्छ । संयुक्त दर्ताको जग्गाको कि.नं. ६ मध्ये पश्चिमतर्फ आधी दर्ता फुटाईपाऊँ भन्ने वादी दावी रहेकोमा तर्फमा भएको विवादमा नरम करम मिलाउनु पर्ने वादीको दावी नै शुरू एवं पुनरावेदन अदालतबाट कायम नभएको अवस्थामा उक्त फैसलालाई वादीले चित्त बुझाई पुनरावेदन नगरी बसेको देखिँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ कात्तिक १४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-०१७०२, जग्गा दर्ता नामसारी, *मालपोत कार्यालय, कलंकी काठमाडौंको तर्फबाट प्रमुख मालपोत अधिकृतः वि. न्हुच्छेलाल महर्जन समेत*

साविक लगत भिडाई जग्गा दर्ता गरिपाऊँ भन्ने निवेदन परी कारवाही चलेकोमा जग्गा दर्ता हुने हो, होइन भनी निर्णय गर्नुपर्नेमा बेनिस्सा जग्गा दर्ता खुलेपछि कारवाही गर्ने गरी मिसिल तामेलीमा राखिदिने गरी मालपोत कार्यालय, कलंकीबाट मिति २०६७।४।१७ मा भएको निर्णय बदर गरी अब जे जो बुझ्नुपर्ने प्रमाण बुझी निवेदकहरूको नाममा सो जग्गा दर्ता हुने हो वा होइन निर्णय गर्नु भनी पुनरावेदकहरूलाई मालपोत कार्यालय, कलंकीमा हाजीर हुन जानु भनी तारिख तोकी मिसिल समेत पठाउने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ कात्तिक १४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-WO-०७५९, उत्प्रेषण, *राजाराम तिवारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

एक पटक आफैंले सम्पूर्ण प्रमाण बुझी त्यसको मूल्याङ्कनबाट छूट जग्गा दर्ता गर्ने निर्णय गरी सकेपछि पुनः त्यसलाई बदर गर्न सक्ने क्षेत्राधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई नदिएकोले आफ्नो निर्णय आफैंले बदर गर्न नपाउने भनी यस

अदालतबाट *नेकाप* २०४६ अङ्क २ नि.नं. ३७३० पृष्ठ १९२, *नेकाप* २०५०, अङ्क ४, नि.नं. ४७३२, पृष्ठ २२८, *नेकाप* २०५३ अङ्क ४ नि.नं. ६१७२ पृष्ठ २९१, *नेकाप* २०५४ अङ्क ७ नि.नं. ६४०९ पृष्ठ ३९६ र *नेकाप* २०५६, अङ्क ४, पृष्ठ २४५, नि.नं. ६६९६ *नेकाप* २०६६, अङ्क ७, नि.नं. ८१९८, पृ. १२०७ मा सिद्धान्त समेत प्रतिपादन भएको देखिएको हुँदा उक्त सिद्धान्तसँग असहमत हुनुपर्ने अवस्था र कारण यहाँ देखिँदैन । यस मुद्दाको विवादमा उत्तमबहादुर र मोहनबहादुर अमात्यको संयुक्त नाउँमा जग्गा दर्ता समितिको सिफारिशमा सबूद प्रमाणको मूल्याङ्कन गरी दर्ता गरेकोमा विपक्षी मालपोत कार्यालयले सोही जग्गाको विषयमा अर्को निर्णय गरी पूर्व निर्णय बदर गरेकोलाई छूट जग्गा दर्तासम्बन्धी प्रचलित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तअनुरूप भएको अवस्था नदेखिने ।

निवेदकहरूले राजीनामाबाट हक प्राप्त गरेका कि.नं. १, ४, ६, ५, १२, १३ समेतका जग्गाहरूको हकभोग, तिरो नापी दर्ता स्रेस्ता प्रमाणहरूबाट सरकारी वा सार्वजनिक नदेखिएको भनी सबूद प्रमाणहरूको मूल्याङ्कन गरी रिट निवेदकहरूका दाता उत्तमबहादुर अमात्य समेतका नाउँमा दर्ता गरिएकोमा पछि जग्गा दर्तावालाहरू समेतलाई नबुझी वस्तुनिष्ठ आधार प्रमाण बेगर आफ्नो पूर्व निर्णय बदर गरी नेपाल सरकारको नाउँमा दर्ता हुने भनी गरेको मिति २०६६।५।२८ को मालपोत कार्यालय, चाबहिलको निर्णय र सोको आधारमा भएको रोक्कालगायतका सम्पूर्ण कामकारवाहीहरू त्रुटिपूर्ण देखिई कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख १७ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेह भएको छन्:

- २०६७-WO-००७९, उत्प्रेषण, *ठूलो कान्छा घिसिङ समेत वि. उत्तमबहादुर अमात्य समेत*
- २०६७-WO-००९८, उत्प्रेषण, *सानु कान्छी भोमजन समेत वि. उत्तमबहादुर अमात्य समेत*
- २०६६-WO-१११२, उत्प्रेषण, *ठूली कान्छा वाइवा समेत वि. उत्तमबहादुर अमात्य समेत*
- २०६७-WO-१११३, उत्प्रेषण, *सेते घलान समेत वि. उत्तमबहादुर अमात्य समेत*

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०७१०, उत्प्रेषण, *सेन्ट जेभियर्स स्कूलका प्रधानाध्यापक बोनिफेल टिग्गा एस.जे वि. विनायक क्षेत्री*

आफूउपर भएको कारवाही विरूद्ध कानूनी व्यवस्थाबमोजिम पुनरावेदकीय उपचार अवलम्बन गर्नुपर्नेमा त्यसको सट्टा प्रत्यर्थी विनायक क्षेत्रीले श्रम ऐन, २०४८ मा भएको कानूनी व्यवस्थाको अवलम्बन गरी श्रम अदालतमा पुनरावेदन गरेको देखिएको र श्रम अदालतले पनि क्षेत्राधिकार ग्रहण गरी सुनुवाई गरी शैक्षिक गुठीअन्तर्गत सञ्चालित शिक्षा ऐन र नियमद्वारा सामुदायिक विद्यालय सरह स्वीकार गरिएको यस किसिमको मुनाफारहित उद्देश्यद्वारा परिचालित विद्यालयलाई औदोगिक प्रतिष्ठान सरह सम्झी असम्बद्ध मुद्दाहरूको दृष्टान्त दिई प्रत्यर्थी विनायक क्षेत्रीको सेवा पुनरार्वहाली नहुने तर ५ वर्ष वा ६० महिनाको तलब बराबरको रकम क्षतिपूर्तिबापत निवेदक विद्यालयबाट पाउने ठहऱ्याई श्रम अदालतले गरेको फैसला सारतः कानूनप्रतिकूल रहेको देखिँदा उक्त फैसला क्षेत्राधिकारविहीन समेत भई कानूनविपरीतको देखिँदा सो फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-०७०९, उत्प्रेषण, *सेन्ट जेभियर्स स्कूलका तर्फबाट ऐ.का प्रधानाध्यापक बोनिफेल टिग्गा एस.जे वि.सुधीर खनाल*

- ०६७-WO-०७२९, उत्प्रेषणयुक्त परमादेश, *सुधीर खनाल वि. सेन्ट जेभियर्स स्कूल, जावलाखेल ललितपुर*
- ०६७-WO-०७३०, उत्प्रेषणयुक्त परमादेश, *विनायक क्षेत्री वि. सेन्ट जेभियर्स स्कूल, जावलाखेल*

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-०७९७, मापदण्डविपरीत निर्माण, *ललितपुर उ.म.न.पा.को हकमा ऐ.का प्रमुख तथा कार्यकारी सचिव प्रेमराज जोशी वि. अनिलराज भण्डारी*

नगरपालिकाबाट घर वा सोको कुनै भाग भत्काउने ठहर गरेको मुद्दामा पुनरावेदन अदालतबाट भएको निर्णय नै उक्त दफा १६२ बमोजिम अन्तिम हुने र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने हुन्छ । यस्तै विषयवस्तुका सम्बन्धमा पुनरावेदक चन्द्रबहादुर कार्कीको मु.स. गर्ने सुदर्शन कार्की परलोक भई निजको मु.स. गर्ने सन्तोष कार्की वि. नवीनकुमार सुनुवार (*नेकाप* २०६७ अङ्क ८ पृ. १४०४ नि.नं. ८४४६) भएको मुद्दामा "स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ को उपदफा (४) वा (५) बमोजिम प्रमुखले दिएको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन परी प्रमुखको आदेश सदर वा उल्टी जे भए पनि त्यसमा ऐनको दफा १६२ अनुसार पुनरावेदन अदालतले गरेको फैसला नै अन्तिम हुनेछ । फैसला अन्तिम हुनुको तात्पर्य र आशय त्यसउपर सामान्य प्रक्रियाबमोजिम पुनरावेदन नलाग्नु हो । नलाग्ने पुनरावेदन दर्ता भए पनि त्यसबाट तथ्य र औचित्यभित्र प्रवेश गरी सर्वोच्च अदालतले ठहर इन्साफ गर्न मिल्ने देखिँदैन" भन्ने सिद्धान्त प्रतिपादन भइरहेको समेत देखिँदा प्रस्तुत मुद्दामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतको फैसला अन्तिम हुने र सोउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने हुँदा पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-०२६४, लागू औषध, *अमीत मगर वि. नेपाल सरकार*

पुनरावेदकले अदालतमा बयान गर्दा साथीहरूसँग पैसा उठाई सबै जनाले सेवन गर्नको लागि आफूले खरीद गरी ल्याएको भनी बयान गरेबाट प्रतिवादीले आफ्नो सेवनको लागि मात्र नभै अन्य व्यक्तिहरूको लागि पनि उक्त बरामद भएको ५० ग्राम खैरो हेरोइन खरीद गरी ओसारपसार गरेको देखिएबाट सेवनतर्फको कसूरमा आफूलाई कम सजाय हुनुपर्ने पुनरावेदकको जिकीर मनासिब र कानूनसंगत् देखिन आएन । आफूबाहेक अन्य व्यक्तिका लागि प्रतिवादीले लागू औषध खरीद गरेको र ओसारपसार गरी काठमाडौं ल्याउने उद्देश्यले खरीद गरेको भन्ने निजको कथन रहेकोले सेवन गरेतर्फ मात्र सजाय हुने नभई खरीद र ओसारपसारको कसूर समेत निजले गरेको देखिँदा पुनरावेदक प्रतिवादीले ५० ग्राम लागू औषध खैरो हेरोइन खरीद गर्ने, सञ्चय गर्ने र ओसारपसार समेतको कार्य गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) बमोजिमको कसूर अपराध गरेकोले निजलाई उक्त ऐनको दफा १४(१)(छ) को देहाय २ बमोजिम १० वर्ष कैद र रू. ७५,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-०९४५, उत्प्रेषण समेत, *रामेश्वर यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ विधायिकी कानून वा अन्य कुनै कानूनद्वारा गठन भएको बोर्ड नभई सरकारको प्रशासकीय आदेश (Executive Order) द्वारा गठन भएको बोर्ड भएकोले कानून सरह शक्ति (Sanction) भएको बोर्ड रहेको पनि मान्न नमिल्ने ।

निवेदकले ऊर्जा मन्त्रालयको विज्ञापन बमोजिम कार्यकारी निर्देशकको पदका लागि आवेदन दर्ता गरी प्रतिस्पर्धाका सबै प्रक्रिया पूरा गरी अन्तर्वार्तामा समेत संलग्न भएको देखिएको अवस्थामा सो विज्ञापनबमोजिम प्रतिस्पर्धाको आधारमा लिइएको अन्तर्वार्ता र मूल्याङ्कनबमोजिम नतिजा प्रकाशन गरी सर्वोत्कृष्ट हुनेलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नुपर्नेमा प्रतिस्पर्धाको आधारमा लिइएको अन्तर्वार्ता र मूल्याङ्कनबमोजिम नतिजा प्रकाशन नगरी भइसकेको सम्पूर्ण प्रक्रिया नै खारेज गर्ने जुन कार्य असल नियतले गरेको नदेखिई बद्नियतपूर्वक भएको देखिँदा सो कार्यबाट यी निवेदकको हकमा असर पर्ने ।

यस्तै विषयवस्तुका सम्बन्धमा *नेकाप* २०६८, अङ्क ८, नि.नं. ८६७० पृष्ठ १३८८ मा "कानूनी प्रक्रियाबाट टुङ्गिने कुरालाई निर्देशनबाट विस्थापित वा प्रतिस्थापित गर्न सकिँदैन । कानूनी प्रक्रिया बाहेकका अन्य व्यवस्थापन वा प्रशासकीय कुरामा कसैको हक अधिकारमा असर नपर्ने गरी कुनै कुराको लागि निर्देशन दिन सकिन्छ । तर कानूनी प्रक्रियाबाट प्राप्त भएको वा हुने हकलाई निर्देशनको माध्यमबाट अन्यथा प्रभावित गर्न नमिल्ने हुनाले निर्देशन दिने अधिकारलाई सम्बन्धित सचिवले वाञ्छित हदभित्र रही विचार गर्नु र प्रयोग गर्नु पर्छ" भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भई रहेको समेत अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रको आधारमा प्रस्तुत निवेदनको हकाधिकारमा असर पर्ने गरी २०६८।□८।१५ मा प्रकाशित पदपूर्तिसम्बन्धी सूचनाअनुसार प्राप्त भएको प्रस्तावहरू रद्द गरेको नेपाल सरकारको निर्णय एवं तत्सम्बन्धी कामकारवाहीलाई कानूनअनुकूल भएको मान्न नमिल्ने ।

ऊर्जा मन्त्रालयको मिति २०६८।१०।२६ को मन्त्रिस्तरीय निर्णय, सो मन्त्रालयको मिति २०६८।१२।२१ को सूचना र सोको आधारमा सार्वजनिक संस्थान निर्देशन बोर्डबाट प्रकाशन भएको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पदपूर्तिसम्बन्धी मिति २०६८।१२।२६ र मिति २०६८।१२।२८ समेतका सबै सूचनाहरू बद्नियतपूर्ण एवं कानूनप्रतिकूल समेत रहेको देखिएको र सो कामकारवाहीबाट निवेदकको संवैधानिक र कानूनी हकमा आघात पर्ने देखिएकोले ती सूचना र निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने । अब, ऊर्जा मन्त्रालयको मिति २०६८।८।१५ को विज्ञापनबमोजिम नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि यी निवेदकसहितका उम्मेद्वारको छनौट गरी लिइएको मिति २०६८।९।२९ को अन्तर्वार्ता नतिजा प्रकाशन गरी सर्वोत्कृष्ट ठहरिएकालाई उक्त पदमा कानूनबमोजिम नियुक्ति दिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ असोज १४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CR-०१५७, भ्रष्टाचार, *लक्ष्मीदास शर्मा वि. नेपाल सरकार*

नेपाल टेलिकमले उजूरीसाथ फाइल पठाएपश्चात् आयोगले कारवाही चलाउन भनी मिति २०६०।१२।१३ मा मात्र अनुसन्धान अधिकृत तोकेको भन्ने आयोगबाट प्राप्त फाइलबाट देखिन्छ र आयोगले अनुसन्धान अधिकृत तोकेको मिति २०६०।१२।१३ बाट एकवर्षभित्रै मिति २०६१।१०।२२ मा विशेष अदालतसमक्ष प्रस्तुत मुद्दा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसार दायर भएको देखिएकोले उपरोक्त कानूनी व्यवस्था समेतको आधारमा प्रस्तुत मुद्दा म्यादभित्रै दायर भएको देखिने ।

मुद्दा दायर हुँदाका अवस्थामा कायम रहेको ऐनले हदम्याद नतोकेको अवस्थामा पुरानो ऐनअनुसारको हदम्याद लगाई नयाँ ऐनअनुसार दायर भएको मुद्दा खारेज गर्नु त्रुटिपूर्ण हुने" भनी *सर्वोच्च अदालत बुलेटिन* वर्ष २०, अङ्क १६, २०६८ मंसिर १६-२९ पूर्णाङ्क ४६६ मा सिद्धान्त प्रतिपादन भइरहेको देखिन्छ । यसरी माथि विवेचित कानूनी व्यवस्था र उपरोक्त मुद्दाहरूमा प्रतिपादित सिद्धान्त समेतको आधारमा आफ्नो कार्यालय नेपाल टेलिकममा दावीको प्रमाणपत्र पेश गरेको मितिबाट हदम्याद नाघी अभियोगपत्र दायर गरेकोले अभियोग दावी खारेज हुनुपर्छ भन्ने पुनरावेदन जिकीर मनासिब नदेखिँदा प्रतिवादी लक्ष्मीदास शर्माले आरोपपत्र

माग दावीबमोजिमको कसूर गरेको देखिँदा रू. २,०००।- जरीवाना हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CR-०१०३, जवर्जस्ती करणी, *नेपाल सरकार वि. चक्रनाथ कँवर*

पीडित राधिका सेजुवालको शारीरिक परीक्षण गरी दिएको प्रतिवेदनमा करणी नभएको भनी स्पष्ट रूपमा उल्लेख हुन नसकेको र पीडितको हाइमेन च्यातिएको भन्ने उल्लेख भएबाट प्रतिवादीले पीडितलाई करणी गरेको भन्ने तथ्य पुष्टि हुने । घरमा आमालगायत उमेर पुगेका संरक्षक कोही नभएको मौका पारी राति घरमा पाहुना आएको भनी पीडितको घरमा सुत्न जानु पर्नाको कारण करणी गर्न नभए अरू के उद्देश्यले गएको हो सो कुरा निज प्रतिवादीको कथनबाट नखुल्ने हुँदा निज आपराधिक मनसाय लिई पीडितको घरमा सुत्न गएको भन्ने तर्कसंगत् रूपमा अनुमान गर्नुपर्ने ।

पीडितको उमेर १४ वर्षभन्दा बढी र १६ वर्षभन्दा कम रहेको मिसिलबाट देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महल ३(३) नं. बमोजिम ६ वर्ष कैद हुने ठहर्छ, साथै ऐ. १० नं. एवं १०(ग) नं. बमोजिम प्रतिवादीबाट पीडितालाई रू. ३०,०००।- (तीस हजार) क्षतिपूर्ति समेत भराई दिने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CR-०५४१, जालसाज, *सानुमाया भन्ने सानु महर्जन वि. धर्म महर्जन समेत*

मिति २०५७।११।५ मा राजीनामा लिखत पारीत भएकोमा मिति २०५८।९।४ मा नक्कल सारी मिति २०५८।९।११ मा दुई वर्ष म्यादभित्रै फिराद दर्ता भएको देखिन्छ । लिखत पारीत हुँदाका अवस्थामा रहेको मुलुकी ऐन, कीर्ते कागजको १८ नं. को प्रचलित कानूनी व्यवस्थाअनुसार लिखत पारीत भएको मिति २०५७।११।५ का मितिले २ वर्षभित्रै मिति २०५८।९।११ मा हदम्यादभित्रै दायर भएको फिरादपत्रमा सबूद प्रमाण बुझी कानूनले ठहरेबमोजिम कारवाही र निर्णय गर्नुपर्नेमा लेनदेन व्यवहारको ११ नं. तथा कीर्ते कागजको १८ नं. को म्यादभित्र फिराद नगरी हदम्याद नघाई लिएको फिराद दावी पुग्न नसक्ने भनी भएको फैसला उपरोक्त कानूनी व्यवस्थाको विपरीत हुँदा बदर हुने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६७-CR-०४९७, जालसाज, *सानु महर्जन समेत वि. धर्म महर्जन समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-RE-००२८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोकनाथ साह तेली समेत*

जाहेरीलगायतका प्रमाणहरूले जग्गा लेनदेनकै विषयमा यी प्रतिवादीहरूले मृतकलाई गोली प्रहार गरी मरेका हुन् भन्ने कुरा देखाएको र प्रतिवादीहरूले उक्त तथ्यलाई विश्वस्त ढंगबाट खण्डन गराउन नसकिरहेको परिप्रेक्ष्यमा उक्त तथ्यको पुष्टि भैरहेको देखिने ।

प्रतिवादीहरूलाई शुरू अदालतले थुनछेक वयानपश्चात् साधारण तारिखमा राखेकोमा निजहरू नियमितरूपमा अदालतले तोकेको तारिखमा उपस्थित भई आफ्नो इन्कारीलाई तथ्यपरक ढंगले पुष्टि गराउन र अभियोग दावीलाई खण्डन गर्ने सबूद प्रमाण गुजार्नऽपट्टि नलागी हालसम्म पनि फरारै रहनुले यी प्रतिवादीहरूको कसूरमा संलग्नता रहेनछ भन्न सकिने अवस्था मिसिलबाट नदेखिँदा प्रतिवादीहरू लोकनाथ साह तेली, धनराज मुखिया विन, लक्ष्मण चौरसिया भन्ने लक्ष्मणप्रसाद चौरसिया र प्रवल भन्ने प्रमानन्दप्रसाद

चौरसिया वरैलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल कात्तिक २४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०५८४, उत्प्रेषण परमादेश समेत, *अधिवक्ता विदुर खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ५(३) मा प्राधिकरणले निष्काशन गरेको शेयरमध्ये नेपाल सरकारले खरीद गरी बाँकी रहेको शेयर मात्र सर्वसाधारण जनतालाई बिक्री गरिनेछ भन्ने व्यवस्था देखिन्छ । उक्त प्रावधानबमोजिम नेपाल सरकारले शेयर खरीद नगरे मात्र सर्वसाधारणलाई शेयर बिक्री गर्न सकिने स्वविवेकीय व्यवस्था भए रहेको देखिँदा यो सरकारको स्वविवेकमा शेयर बिक्री गरिने कुरा सर्वसाधारणको निरपेक्ष हकको रूपमा लिन मिल्ने देखिएन । ऐनको दफा २८(१) लाई दफा ५(३) सँग सादृष्य रूपमा व्याख्या गर्नुपर्ने हुन्छ । उक्त दफा २८(१) लाई स्वतन्त्र नभै दफा ५(३) सँग मिलाएर हेर्दा सरकारले विद्युत प्राधिकरणको सबै शेयर किन्न सक्ने, तर कुनै व्यहोराले सबै शेयर नकिनेमा वा किन्न नचाहेमा मात्र १० प्रतिशतसम्म शेयर सर्वसाधारणमा दिनसक्ने भन्ने कानूनी व्यवस्था भए रहेको देखिन्छ । यस्तो स्थितिमा विपक्षी प्राधिकरणको १० प्रतिशत शेयर सर्वसाधारणलाई वितरण गर्नु भन्ने आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ कात्तिक २२ गते रोज ४ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-०६९८, उत्प्रेषणयुक्त परमादेश, *विन्देश्वर साह वि. श्री माध्यमिक विद्यालय, औरही धनुषाको विद्यालय व्यवस्थापन समिति समेत*

रिट निवेदकले उल्लेख गरेको पुनरावेदन अदालतबाट २०६६।९।१४ मा फैसला भएको निषेधाज्ञा परमादेश मुद्दामा विद्यालयमा प्रदान गरिने राहत कोटाका सम्बन्धमा विभागीय परिपत्रको पालना भएको छ, छैन सोको पुनरावलोकन गरेर मात्र कानूनसम्मत् तवरबाट राहत कोटा वितरण गरी रकम निकासा दिनु भन्नेसम्म आदेश भएको देखिन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकले दावी लिएको २०६६।३।१६ को विद्यालय व्यवस्थापन समितिको शिक्षक छनौटसम्बन्धी निर्णय सम्बन्धमा सो फैसलामा बोलिएको अवस्था छैन । उक्त निषेधाज्ञा परमादेश मुद्दा २०६६।३।१६ को नियुक्तिसम्बन्धी विषयसँग सम्बन्धित नभई राहत कोटा प्रदान गर्नेसम्बन्धी विषय भएकोले र अदालतको आदेशअनुसार जिल्ला शिक्षा कार्यालयले राहत कोटा सम्बन्धमा पुनरावलोकन गरिसकेको भन्ने कुरा रिट निवेदकले नै उल्लेख गरेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५WO-०४१२, उत्प्रेषणयुक्त परमादेश, *किरणकुमार काफ्ले वि. नेपाल दूर सञ्चार कम्पनी लि. केन्द्रीय कार्यालयं समेत*

रिट निवेदक २०३२।२।१३ मा संस्थानको स्थायी सेवामा प्रवेश गरेको देखिन्छ । २०५०।१२।२१ देखि ३ वर्ष असाधारण बिदा लिई ३ वर्षपछि कार्यालयमा उपस्थित नभएको कारण २०५०।१२।२१ देखि लागू हुने गरी सेवाबाट हटाइएको छ । सम्पूर्ण प्रक्रिया पूरा गरी नोकरीबाट हटाइएको छ । यस्तो अवस्थामा निवेदकले पेन्सन पाउने अवधि यस अदालतले त्यसै पुऱ्याई दिने होइन । अमेरिकामा काम गर्ने र नेपालको कार्यालयबाट पेन्सनयोग्य नोकरी पुऱ्याई पेन्सन खोज्नु भनेको विद्यमान कानूनी व्यवस्थाको उपहास गर्न खोज्नु हो । यस्तो प्रवृत्ति अत्यन्त दुखद र अस्वीकार्य हो । यस्तो प्रवृत्तिलाई पनि हर तवरबाट हतोत्साहित गर्नु पर्दछ । यी रिट निवदकले पेन्सन पाउन सक्ने अवधिसम्म विपक्षी नेपाल टेलिकममा कामै नगरेकोले निजले पेन्सन

पाउन सक्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WO-०४४३, ०४४४, उत्प्रेषणयुक्त परमादेश, *नेपाल वनस्पति घ्यू उद्योग लिमिटेड तथा व्यवस्थापकको तर्फबाट अधिकारप्राप्त ऐ.का लेखा अधिकृत मुकुन्दप्रसाद जोशी वि. रणसिंह तामाङ समेत*

पूँजी र श्रम (Capital & Labour) को यथोचित् सञ्चालनबाटै कुनै कम्पनी वा प्रतिष्ठानको सञ्चालन सम्भव हुन्छ । वस्तु र सेवाको उत्पादन र वितरणमा अनेक प्राकृतिक, कानूनी व्यक्ति एवं निकाय र तत्त्वहरूको यसमा योगदान रहने गर्दछ । तर कुनै पनि कम्पनीका कर्मचारी वा कामदार कम्पनीको नियम वा द्विपक्षीय, त्रिपक्षीय सम्झौताअनुसार काम गर्ने र सोवापत पारिश्रमिक पाउने गर्दछन् । काम गरेकै कारण मुनाफा भएकोले सो मुनाफाको रकममा सोझै कामदार, कर्मचारीको हक पुग्दछ भन्नु कदापि मिल्दैन । यसो भन्नु श्रम ऐन र कम्पनी ऐनविपरीतको कुरा हो । कुनै समयमा सो कम्पनीमा काम गरेकै कारण आवास कोषको रकमलाई व्यवस्थापन र कामदारबीच बराबर बाँड्न मिल्दैन । यस्तो श्रम विवादमा लाग्नै नसक्ने भूमिसुधारसम्बन्धी नजीर लगाउनु बिल्कुलै त्रुटिपूर्ण हुने ।

निवेदक प्रतिष्ठानको अस्तित्व कायम नै रहेको अवस्थामा व्यवस्थापनले अविलम्ब श्रम सम्बन्ध समिति गठन गरी मौजुदा आवास कोष व्यवस्थापन र सञ्चालनको निर्णय गर्ने गरी श्रम कार्यालय हेटौंडाबाट भएको मिति २०६३।१।२८ को निर्णय बदर गरी भूमिसम्बन्धी ऐन, २०२१ मा जग्गाधनी र मोहीलाई स्वामित्व र भोगको आधारमा आधाआधा हुने गरी जग्गाको बाँडफाँड भए जस्तै निवेदक प्रतिष्ठानको आवास कोषमा जम्मा भएको रकममा श्रम लगानी गर्ने कामदार कर्मचारी र पूँजी लगानी गर्ने लगानीकर्ताको आधा-आधा स्वामित्व रहेको भन्ने गलत अर्थ गरी आवास कोषमा जम्मा भएको रकम कामदार कर्मचारी र निवेदक प्रतिष्ठानबीच दामासाहीले पाउने गरी श्रम अदालत काठमाडौंबाट भएको मिति २०६५।३।२५ को फैसला कानूनको प्रत्यक्ष त्रुटिपूर्ण भएकोले निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

श्रम ऐन २०४८ को दफा ४१ अनुसार प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूको स्वास्थ्यकर वासस्थानको प्रवन्ध गर्नको लागि प्रतिष्ठानको कुल मुनाफा (ग्रस प्रोफिट) को पाँच प्रतिशतमा नघट्ने गरी रकम छुट्ट्याउनु पर्ने र आवास कोषको रकम सञ्चालनको सम्बन्धमा श्रम नियमावली, २०५० को नियम ५२ ले श्रम सम्बन्ध समिति गठन गर्ने व्यवस्थासम्म गरेको छ । तर आवासीय भवनहरू नबनेको र कामदार कर्मचारीको आवासको शीर्षकमा खर्च नभएको अवस्थामा के गर्ने भन्ने सम्बन्धमा ऐन नियममा स्पष्ट व्यवस्था गरिएको पाइँदैन । त्यस्तो रकम कहिलेसम्म त्यसै राख्ने हो र त्यसको प्रयोग वा उपयोगबारे पनि स्पष्ट व्यवस्था श्रम ऐन, नियममा गरिएको देखिँदैन । यस्तो अवस्थामा आवास कोषको रकमको उपयोग र प्रयोग एवं श्रम सम्बन्ध समितिले यसको सञ्चालन गर्नसक्ने अन्य पक्षहरूबारे स्पष्ट र पूर्ण व्यवस्था गर्ने गरी आवासकोष सञ्चालनको उचित व्यवस्था गर्नु, गराउनु भनी नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नाउँमा निर्देशनात्मक आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् । ९

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WO-०६३२, उत्प्रेषणयुक्त परमादेश, *चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १० मा रहेको निर्माण व्यवसायी संघको तर्फबाट शंकर अधिकारी वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरवार समेत*

डिभिजन कार्यालय, चितवनबाट नवलपरासी जिल्लाका विभिन्न स्थानहरूमा निर्माण गरिने स्वास्थ्यसँग सम्बन्धित भवनहरू निर्माणको लागि २०६५।११।३० मा

प्रकाशित शिलबन्दी बोलपत्र आव्हानको सूचनामा खरीद भएका बोलपत्रहरू एउटै सार्वजनिक कार्यालय अर्थात् जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा दर्ता गराउने एवं दर्ता भएको बोलपत्रहरू बोलपत्रदाता एवं प्रतिनिधिहरूको रोहवरमा जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा खोलिने गरी डिभिजन कार्यालय, चितवनबाट अन्नपूर्ण पोष्ट पत्रिकामा मिति २०६५।१२।२१ को शिलबन्दी बोलपत्र आव्हानको संशोधित सूचनाबाट यी रिट निवेदकको संविधानप्रदत्त एवं कानूनी अधिकारमा आघात पुगेको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०३७९, उत्प्रेषण, *डावर नेपाल प्रा.लि.को तर्फबाट ऐ.को अधिकारप्राप्त मुख्य कार्याकारी अधिकृतः उदयान गांगुली वि. रामनारायणप्रसाद यादव समेत*

सिनियर अफिसर नर्सरी पदमा कार्यक्षेत्र परिवर्तन गर्दा पनि शुरूको सेवा करारमा उल्लिखित शर्तहरू निज विपक्षीको हकमा वाध्यात्मक रूपमा लागू भएकै अवस्था देखिन्छ । यसबाट विपक्षीको सेवा न स्थायी भएको छ, न त निजले स्थायी हुनपाऊँ भनी दावी नै गरेका छन् । यसको अतिरिक्त निजले जिम्मेवारी पाएको कामको प्रकृति विशिष्ट किसिमको भएकोले सो विशिष्ट कामको लागि कम्पनीले श्रम ऐनअनुसार करारमा नियुक्त गर्नसक्ने भएकोले सोहीबमोजिम गरिएको सेवा करारका शर्तको रूपमा रहेका Terms and conditions का बुँदाहरू अन्यथा नभई निजको हकमा लागू भइरहेकै देखिन्छ । यस्तो अवस्थामा श्रम ऐन, २०४८ को दफा ४(२) अनुरूप १ वर्षको परीक्षणकाल समाप्त भइसकेपछि स्थायी नियुक्ति गर्नुपर्ने गरी गरिएको व्यवस्था दफा ७ अन्तर्गत करार सेवाको हकमा लागू हुने भन्न नमिल्ने ।

विपक्षी रामनारायण यादव दफा १० अन्तर्गतको सुरक्षा प्राप्त स्थायी कर्मचारी नभई सेवा शर्तको अधीनमा रही करारमा नियुक्त कर्मचारी भएको र निवेदक डाबर नेपाल प्रा.लि. ले विशेषज्ञका रूपमा व्यावसायिक सेवा प्राप्त गर्नको लागि एक्सटेन्सन प्रमोशन अफिसरको पदमा नियुक्त गरेको देखिन्छ । सो पदमा रहँदाको अवस्थामा निज विपक्षीको जिम्मामा रहेका मलका प्याकेटहरू हराएको र कम्पनीको ट्र्याक्टर आफूखुशी आफ्नो निजी काममा प्रयोग गरेको सम्बन्धमा उजूरी परी सो सम्बन्धमा अनुसन्धानको कारवाही गरी निजलाई गलत आचरण गरेको भन्ने बारेको पत्र समेत दिएको देखिन्छ । यसबाट करारमा नियुक्त भएको अस्थायी प्रकृतिको कर्मचारीलाई कारवाही गरी सेवाबाट अवकाश दिँदा दफा ५३ ले निर्दिष्ट गरेको कार्यवधि अवलम्बन गर्नुपर्छ भनी मान्न सकिने अवस्था नरहने ।

निवेदक कम्पनीले यी विपक्षी रामनारायण यादवलाई निजसँग गरिएको सेवा करारको शर्तअनुसार एक महिनाको पारिश्रमिक समेत दिई निजको सेवा अन्त्य गरेको पाइएको छ । उक्त सेवा करारको कुनै शर्तको उल्लंघन यस कम्पनीले गरेको नदेखिँदा श्रम ऐनको अन्य प्रक्रिया पूरा नगरी हटाइएको भनी निवेदक कम्पनीले विपक्षी रामनारायण यादवलाई सेवाबाट हटाइएको निर्णय बदर गरी पुनर्बहाली गरी काम नगरेको अवधिको समेत तलव सुविधा दिनुपर्ने भनी श्रम अदालतको मिति २०६५।७।२८ मा गरेको निर्णय कानूनी त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेश जारी भई सो निर्णय बदर हुने ।

कामदार वा कर्मचारीलाई पहिला केही समयको परीक्षणकालमा रहने गरी सेवामा राखिएको तर परीक्षणकालको समाप्ती पछि कसैलाई स्थायी नियुक्ति दिएको र कसैलाई पुनः स्थायी नियुक्ति नदिए पनि निजको सेवा स्थायी हुने, नहुने भन्ने समेतका कुराहरूमा र कुनै कामदार, कर्मचारीलाई हटाउँदा क्षतिपूर्ति दिने सम्बन्धमा समेत कानूनमा स्पष्ट व्यवस्था भएको पाइएको छैन ।

यस्तो अवस्थामा देहायबमोजिमको कार्य गर्नु गराउनू भनी नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयको नाममा यो निर्देशात्मक आदेश जारी हुने ।

१. श्रम ऐन, २०४८ मा श्रम नीतिसम्बन्धी सबै कुराहरू स्पष्ट नभएकोले यस सम्बन्धमा

प्रतिष्ठानको व्यवस्थापनले कामदार, कर्मचारी र माथिल्लो तहका कर्मचारी (व्यवस्थापक समेत) को नियुक्ति गर्दा अस्थायी, स्थायी, करार के हो ? सो प्रष्ट गर्नुपर्ने हुँदा नियुक्ति पत्रमै सो कुरा उल्लेख गरी नियुक्तिपत्र दिनु, दिलाउनू ।

२. पहिला अस्थायी वा करार सेवामा वा केही समयको परीक्षणकालमा रहने गरी नियुक्ति दिएमा सो अवधिभित्र कामबाट नहटाएमा वा स्थायी नियुक्ति नदिए पनि सो कर्मचारी स्वतः स्थायी हुने श्रम ऐन, २०४८ को दफा ४ को व्यवस्थालाई स्पष्ट गर्नुपर्ने ।

३. श्रम ऐनको दफा ७ ले करारमा नियुक्ति गर्नसक्ने भए पनि कुन-कुन काममा त्यसरी नियुक्त गर्न पाउने हो सो स्पष्ट नभएको र करारमा उल्लिखित अवधिभन्दा बढी काम गराउँदै गई निजको सेवा निरन्तरता पाएकोमा त्यस्तोलाई पनि स्थायी मान्नुपर्ने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने गरी श्रम ऐनमा आवश्यक संशोधन गर्नुपर्ने ।

४. प्रतिष्ठान एवं व्यवस्थापनले कुनै कर्मचारी वा कामदारलाई प्रतिष्ठान वा व्यवस्थापनको विश्वास गुमाएको (Lack of Trust or loss of confidence) आधारमा हटाए पनि निजको हकमा के कस्तो अवस्थामा के कति क्षतिपूर्ति दिनुपर्ने हो वा भराउने हो सोसम्बन्धी व्यवस्था सम्बन्धित ऐन, नियममा गर्नुपर्ने ।

५. कुनै कामदार, कर्मचारीमाथि कारवाही गर्दा कति दिनको समय दिई स्पष्टीकरण माग गर्नुपर्ने, दिएको स्पष्टीकरण चित्त नबुझे त्यसको कति दिनभित्र सेवाबाट हटाउने लगायतको सजाय गर्न सकिने हो वा कारवाही गरिएको कामदार, कर्मचारीले स्पष्टीकरणसम्बन्धी पत्र वा नसीहतको पत्र बुझ्न नमानेमा कस्तो प्रक्रिया अवलम्बन गर्नुपर्ने हो यस सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गर्नुपर्ने ।

६. श्रम ऐन, २०४८ अन्तर्गतका प्रतिष्ठानमा कार्यरत् जनशक्तिहरूमध्ये कुन तहसम्मको वा कुन-कुन प्रकृतिको काम गर्ने कर्मचारी वा कामदार व्यवस्थापक हुन् भन्ने सम्बन्धमा विवाद देखिएको हुँदा सोलाई समेत सम्बोधन गर्ने गरी सम्बन्धित कानूनी प्रावधान परिमार्जन गर्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती, ०६८-WO-०१०४,** उत्प्रेषणयुक्त परमादेश, *मधु प्रधान वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

कृषि सामग्री कम्पनी लिमिटेडले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पठाएको मिति २०६७।११।१५ र मिति २०६८।३।१० को पत्रमा शैलेन्द्रकुमार प्रधानबाट अध्ययन बिदा अवधिमा खाएको तलवभत्ता लगायतका अन्य सुविधाबापतको रकम असूलउपर भैसकेको साथै निजको श्रीमती मधु प्रधानका नाममा ललितपुर उपमहानगरपालिकाको साविक वडा नं. ५(त) ले हाल १५ को कि.नं. २३७ को जग्गा फुकुवा गरी दिनु हुन अनुरोध छ भनी लेखी पठाएको समेतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जग्गा फुकुवा गरी दिनुपर्ने र फुकुवा गर्न नपर्ने भए यो यस कारणबाट फुकुवा गर्न मिलेन भन्ने कुनै आधर उल्लेख गर्नुपर्नेमा सो नगरी यस कार्यालयबाट रोक्का नराखिएको तत्कालीन विशेष प्रहरी विभागबाट रोक्का राखिएकोले फुकुवा गरिदिन सक्ने अवस्था भएन भनिएबाट आधार र कारण नभई गैरकानूनी रूपमा जग्गा रोक्का राखी निवेदिकाको सम्पत्तिसम्बन्धी हक अधिकार हनन् भएको देखिँदा निवेदिकाको पति शैलेन्द्रकुमार प्रधान समेतउपर भ्रष्टाचारसम्बन्धी मुद्दा चलेको नदेखिएको, निज कार्यरत् कृषि सामग्री कं. लिमिटेडले तलव

भत्ता सुविधालगायतको रकम निजबाट असूलउपर भैसकेकोले जग्गा फुकुवा गरिदिनु भनी लेखेको समेतबाट जग्गा रोक्का राख्नुपर्ने कुनै कारण नदेखिएको अवस्थामा गैरकानूनी रूपमा रोक्का राखेको देखिँदा निवेदिकाका नाममा रहेको ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका साविक वडा नं. ५(त) हाल वडा नं. १५ को कि.नं. २३७ को क्षे.फ. १-०-०-० जग्गा रोक्का फुकुवा गरी दिनु भनी मालपोत कार्यालय, ललितपुरका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल कात्तिक २४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *रामबहादुर तामाङ वि. कारागार कार्यालय, पर्सा समेत*

निवेदक मिति २०५७।५।१३ गतेबाट थुनामा रहेको देखिएको र यी निवेदक प्रतिवादी भएको उक्त कर्तव्य ज्यान मुद्दामा शुरू जिल्ला अदालत तथा पुनरावेदन अदालत, हेटौंडाबाट मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १८८ नं. अनुसार ५ वर्ष कैद गर्ने गरी व्यक्त राय सदर नभै सर्वस्वसहित जन्मकैद हुने ठहर भएको र सोअनुसारको कैद म्याद भुक्तान भैसकेको देखिएन । यस्तो अवस्थामा निवेदक गैरकानूनी रूपमा थुनामा रहेको नदेखिई कानूनअनुरूप नै थुनामा रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज ७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०६६२, कर्तव्य ज्यान, *श्रीमान तामाङ वि. नेपाल सरकार*

मृत्युको कारण “Chop wounds of the head and Stab wounds of the trunk” भनी उल्लेख गरिएको पाइन्छ ।

अदालतमा बयान गर्दा उल्लिखित घटनास्थलमा मृतक र आफू सँगै रहेको, मृतक र आफू बीच झगडा भै आफूले चक्कु घुमाउँदा मृतकको शरीरको विभिन्न ठाउँमा घाउ चोट लागी सोही कारणबाट मृत्यु भएको कुरा स्वीकार गरी बयान गरेको देखिने ।

प्रतिवादीकी साली नाता पर्ने सरीता तामाङलाई फोन गरेको विषयलाई लिएर मृतक झमक पुडासैनी र प्रतिवादीबीच विवाद भै घटना घटाउन मृतकले प्रतिवादीलाई, उक्साएको, मृतक र प्रतिवादीबीच पूर्व कुनै रिस इवी नरहेको, अपराध हुनुपूर्व प्रतिवादी आफ्नो घर व्यवहारको मानसिक तनावमा रहेको देखिएको र अपराध गरेपछि आफूबाट घटना घटेको भनी प्रहरीसमक्ष आफैं उपस्थित हुन गई अदालतलाई इन्साफमा सहयोग गरेको अवस्था समेतलाई विचार गर्दा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको सजाय गर्दा चर्को हुने देखिन आएको हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज १० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-१२७२, निषेधाज्ञा, *बलिराम ठाकुर वि. तेजनारायण ठाकुर*

कि.नं. १३६ को घर जग्गा प्रत्यर्थी निवेदक तेजनारायण ठाकुर समेतका नाममा बण्डा हुने ठहरी यस अदालतबाट अन्तिम निर्णय भइरहेको अवस्था एकतर्फ देखिन्छ भने अर्कोतर्फ यी पुनरावेदक विपक्षी बलिराम ठाकुरले विवादित कि.नं. १३६ को घरजग्गा सम्बन्धमा ताल्चा खुलाई पाऊँ भनी जिल्ला प्रशासन कार्यालय, धनुषामा उजूरी निवेदन दायर गरी कारवाहीको लागि प्रहरी कार्यालयमा पठाएको अवस्था देखिन्छ । उपरोक्त तथ्यबाट क्षेत्राधिकारविहीन निकायले निवेदकको साम्पत्तिक हक अधिकारमा आघात पुऱ्याउने आशंका विद्यमान देखिँदा निवेदकलाई घर जग्गाबाट निष्काशन नगर्नु र

कानूनबमोजिम बाहेक धरपकड समेत नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१४२८, निषेधाज्ञा, *राधा श्रेष्ठ वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं समेत*

जिल्ला प्रशासन कार्यालय, काठमाडौं र महानगरीय प्रहरी परिसर हनुमानढोकाले निवेदकलाई गैरकानूनी रूपमा थुन्ने, धरपकड गर्ने एवं निजको हक अधिकार हनन् हुने गरी कुनै कार्य नभएको भन्ने व्यहोराको लिखित जवाफ प्रस्तुत गरेको अवस्था छ । प्रस्तुत निवेदनमा एकातर्फ ऋण प्रदान गर्ने संस्था गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. ले लिलाम सकार गर्ने व्यक्तिलाई घर जग्गा भोगचलन गर्नको लागि घरजग्गा खाली गराई दिन सहयोगको लागि पत्राचार गरी घरजग्गा खाली गराउनेतर्फ कारवाही चलिरहेको देखिन्छ भने अर्कोतर्फ प्रत्यर्थी प्रहरी तथा प्रशासनिक निकायहरूबाट निवेदकलाई गैरकानूनी रूपमा थुन्ने धरपकड गर्ने एवं निजको हक अधिकार हनन् हुने कार्य नभएको भन्ने लिखित जवाफ व्यहोराबाट देखिँदा निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०५१३, मोही लगत कट्टा, *मु.स. गर्ने मो. अञ्जर साह नेपाली वि.देवनाथ राजवंशी*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को खण्ड (ग) मा भएको मोहीले जग्गा जोत्न छोडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोही हक समाप्त भएमा जग्गावालाले उजूर गर्न पाउने भन्ने कानूनी व्यवस्थाको आधारमा मोही निष्काशन हुनुपर्ने भन्ने पुनरावेदन जिकीर सम्बन्धमा विचार गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) मा "कुनै मोहीले जग्गा छोडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएका सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारी छेउ २५ दिनभित्र दिनु पर्दछ र तोकिएको अधिकारीले सो कुरा जाँचबुझ गरी दफा २५ को उपदफा (५) को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ" भन्ने कानूनी प्रावधान रहेकोमा उक्त कानूनी प्रावधानबमोजिम दर्ता किताबमा तोकिएको अवधि २५ दिनभित्र तोकिएको अधिकारीसमक्ष मोहीले जग्गा कमाउन छाडेको भन्ने लिखित सूचना दिएको भनी जिकीर लिन सकेको पाइएन । मोहीको हकदारले तामेल भएको म्यादभित्र हाजीर भई प्रतिउत्तर पेश गरेको हुँदा मोही लगत कट्टा हुने ठहऱ्याएको भूमिसुधार कार्यालय, मोरङको फैसला उल्टी हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल भदौ ८ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको ०६८-CI-०५१४, मोही लगत कट्टा, *विवि जोहरा खातुन वि.देवनाथ राजवंशी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०६४५, मोही दर्ता नामसारी, *गुजाई खंग वि. तपेश्वर यादव*

पुनरावेदक वादीका पिताले भरेको १ नं. लगतमा जग्गाधनी ब्रम्हशंकर शास्त्री भनी देखाएको र नापी हुँदा उक्त जग्गा रामानन्द लाभको नाममा नापी भई जग्गाधनी दर्ता प्रमाण पूर्जा प्राप्त गर्दा र सो जग्गाको तह-तह नामसारी हुँदा समेत कतै उजूर नगरी चित्त बुझाई बसेको पाइन्छ । पुनरावेदक वादीका पिताको मृत्यु २०४५ सालमा भएको र मृत्युपूर्व नै नापीका समयमा वादी दावीको जग्गा रामानन्द लाभको नाममा नापी हुँदा चित्त बुझाई बसेको अवस्थामा ब्रम्हशंकर शास्त्री जग्गाधनी भनी प्राप्त गरेको जोताहा अस्थायी निस्साको आधारमा रामानन्द लाभको नाममा नापी दर्ता भएको जग्गाको मोही हुँ भनी दावी गर्न नमिल्ने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
इति संवत् २०६९ साल भदौ ८ गते रोज ६ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६६-WO-००३६, परमादेश समेत, *रोजकुमार श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै व्यक्ति, सार्वजनिक कारवाही सम्पादन गर्ने निकाय वा अधिकारीले कानूनले स्पष्ट रूपमा व्यवस्था गरेको प्रावधान वा व्यवस्थाको पालन नगरेको, क्षेत्राधिकार अभाव भएको वा क्षेत्राधिकारभन्दा बढी अधिकार प्रयोग गरी कारवाही सम्पादन गरेको देखिएमा त्यस्ता प्रशासनिक निकाय वा अधिकारी समेतका नाममा कानूनबमोजिम गर्नु भनी संविधानको धारा १०७(२) मा व्यवस्थित असाधारण अधिकारक्षेत्रको प्रयोग गरी यस अदालतले परमादेशको आदेश जारी गर्ने हो। त्यसरी आदेश जारी हुनका लागि निर्णय गर्ने निकाय वा अधिकारीले कानूनको व्यवस्था पालना नगरेको वा अर्को कानूनको प्रयोग गरेको भन्ने कुरा निवेदनसाथ पेश भएका कागजातबाट देखिनुपर्ने हुन्छ। प्रस्तुत विवादमा विपक्षी प्रधानमन्त्री तथा मन्त्रि्परिषद्को कार्यालय (नेपाल सरकार, मन्त्रिपरिषद्) ले निजामती सेवा ऐनको दफा ३५(१) ले दिएको नेपाल सरकारमा निहीत कानूनी अधिकार प्रयोग गरी स्वेच्छिक अवकाशको निर्णय गरेको, सामान्य प्रशासन मन्त्रालयद्वारा नेपाल राजपत्रको सूचनामा प्रकाशित शर्त तथा सुविधाबमोजिम नै निवेदकहरूलाई निवृत्तिभरणको सुविधा दिने भनी भएको विपक्षीहरूको कार्यले कानूनको पालना नभई निवेदकहरूको कानूनी तथा संवैधानिक हक हनन् भएको भन्न मिल्ने अवस्था नदेखिने।

इजलास अधिकृतः भीमबहादुर निरौला
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत २०६९ साल भदौ १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६५-WO-०४५१, उत्प्रेषणयुक्त परमादेश, *मनुदेवी श्रेष्ठ (मल्ल) वि. क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा समेत*

शिक्षा ऐन, २०५८ को दफा १६ङ(५) मा देहायको अवस्थामा शिक्षकलाई पदबाट हटाउने भन्ने व्यवस्था गरी देहायमा विभिन्न आधारहरू तोकिएको पाइन्छ। प्रस्तुत व्यवस्था शिक्षकलाई गरिने विभागीय कारवाही र सजायसँग सम्बन्धित रहेको देखिन्छ। उक्त ऐनको दफा १७ मा दण्ड सजायसम्बन्धी व्यवस्था गरी सो दफाले निषेधित गरेको कार्य गर्ने शिक्षिकलाई मुद्दा हेर्ने अधिकारी वा अदालतसमक्ष सजायको माग दावी लिई मुद्दा दायर गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ। यसबाट दफा १६ङ को कानूनी व्यवस्था विभागीय कारवाही र सजायसँग सम्बन्धित रहेको देखिन्छ भने दफा १७ को कानूनी व्यवस्था फौजदारी मुद्दाको रूपमा अदालतमा दायर गरिने अदालतली कारवाहीको रूपमा रहेको देखिन्छ। यी दुई व्यवस्थाहरू परस्परमा स्वतन्त्र कानूनी व्यवस्थाको रूपमा रहेको र कारवाही गर्ने निकायले अनुचित कार्यको गम्भीरताको आधारमा कारवाही चलाउन सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ। विभागीय कारवाही गर्ने सम्बन्धित निकायले विभागीय कारवाही र सजाय गर्नु उपयुक्त ठानेको अवस्थामा दफा १७ बमोजिम मुद्दा दायर नभएको अवस्थामा पनि विभागीय कारवाही र सजाय मात्र हुनसक्ने देखिन आउँछ। उक्त ऐनको दफा १७(१ख) मा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुंगो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय कारवाही समेत गरिने व्यवस्था गरिएको पाइन्छ। यसबाट दफा १७ बमोजिम दोषी ठहरिएको अवस्थामा विभागीय कारवाही हुने, तर दफा १६ङ बमोजिम विभागीय कारवाही र सजाय मात्र गरिएको अवस्थामा सो सजाय कानूनसम्मत् हुने देखिएकोले दफा १७ बमोजिमको अदालती कारवाहीलाई दफा १६ङ को विभागीय कारवाही र सजायको पूर्वशर्तको रूपमा लिन नमिल्ने।

निवेदकले छोरीको फाइदाको लागि उत्तरपुस्तिका केरमेट तथा साटफेर गरी अन्य परीक्षार्थीको उत्तरपुस्तिकामा आफ्नो छोरीको सिम्वल नम्बर उल्लेख गरेको देखिएकोले सो कार्यलाई परीक्षाको

गम्भीर संवेदनशीलता र मर्यादाको गम्भीर उल्लंघन गरेको मान्नुपर्ने ।

विभागीय कारवाही र अदालत कारवाही भिन्न प्रकृतिको हुने र विभागीय कारवाहीको लागि अदालती कारवाही भएको हुनुपर्ने बाध्यात्मक अवस्था नभएकोले यी निवेदकलाई भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने क्षेत्रीय शिक्षा निर्देशनालय पश्चिमाञ्चल पोखराको मिति २०६५।८।१५ को निर्णय कानूनसम्मत् देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल असोज २८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०२४५, उत्प्रेषण/परमादेश, *जीवन तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले आफ्नो नाममा दर्ता हुनुपर्ने जिकीर लिएका उक्त कित्ता जग्गाहरूमा आफ्नो हक लाग्ने भनी विपक्षी बालकृष्ण तामाङ समेतले मालपोत कार्यालयमा निवेदन दिई दर्ताको कारवाही अगाडि बढाएको देखिन आउँछ । यी निवेदक र विपक्षी बालकृष्ण तामाङ समेतले दिएको उक्त निवेदनहरूमा गरिएको जग्गा दर्तासम्बन्धी मागबमोजिम कारवाही गरी मालपोत कार्यालयले गोरखापत्रमा सार्वजनिक सूचना समेत प्रकाशित गरी सम्बद्ध प्रमाणहरूको आधारमा मिति २०६५।३।२० मा निवेदकहरूको नाउँमा दर्ता गर्न नमिल्ने हुँदा मिसिल तामेलीमा राखिदिने भनी निर्णय गरेको देखिन्छ । विवादित जग्गा मिति २०४४।८।२९ मा नै तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएकोमा बिलम्ब गरी २०६३ सालमा मात्रै यी निवेदकले हक दावी गर्नुपर्ने युक्तियुक्त आधार र कारण यी निवेदकले खुलाउन सकेको समेत देखिदैन । श्री ५ को सरकारको नाममा भएको उक्त जग्गाको दर्ता बदर नभएसम्म यी निवेदकले बदर गर्न माग गरेको मिति २०६५।३।२० को मालपोत कार्यालयको निर्णय बदर हुनसक्ने देखिन आउँदैन । यसबाट मालपोत कार्यालय, डिल्लीबजारले मिति २०४४।८।२९ मा प्रस्तुत मुद्दामा विवादित जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएको भन्ने समेत निर्णय गरेको आधारमा यी निवेदकको नाममा उक्त जग्गा दर्ता गर्न नमिल्ने हुँदा मिसिल तामेलीमा राखी दिने भनी गरेको मिति २०६५।३।२० को निर्णयलाई रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल असोज २८ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६५-WO-०१६५, उत्प्रेषणयुक्त परमादेश, कर्णबहादुर तामाङ समेत वि. जीवन तामाङ समेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको ०६६-CR-०३६१, नकबजनी चोरी, *नेपाल सरकार वि. सोमबहादुर भन्ने सोमे लामा समेत*

अड्डाबाट तोकिएको तारिखमा यी प्रतिवादीहरू उपस्थित नभएको र उपस्थित हुन नसकेको कुनै मनासिब कारण समेत पेश गर्न नसकेको कुरा स्पष्ट हुँदाहुँदै अ.बं. को १२४ नं. बमोजिम यी प्रतिवादीहरूले राखेको धरौटी रकम पूरै जफत गर्नुपर्नेमा प्रतिवादीहरूलाई लागेको जरीवाना धरौटी राखेको रकमबाटै कट्टा गरी बाँकी रहेको रकम मात्र अ.बं. १२४ नं. बमोजिम जफत गर्ने भनी तपसील खण्डमा उल्लेख गरेकोसम्म मिलेको नदेखिने ।

प्रतिवादी सोमबहादुर लामा र देवबहादुर लामाले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा आफूहरू चोरी गर्ने कार्यमा संलग्न रहेको भनी साविती बयान गरेको देखिएको र मिति २०६२।११।१८ को खानतलासी एवं बरामदी मुचुल्काबाट पनि यी प्रतिवादीमध्ये सोमबहादुर लामाको डेराबाट Novida कम्पनीको १४" कलर टि.भी. समेतका मालसामान र अर्का प्रतिवादी कमल भन्ने देवबहादुर लामाका डेराबाट OPTION नामको श्याम श्वेत-१ टेलिभिजन-१ र Super VCD थान-१ समेतका सामान बरामद भएको देखिन्छ ।

बरामद भई प्राप्त भएको चोरीको मालसामानसम्बन्धी मालधनीले आफ्नो हो भनी सनाखत गरिसकेको अवस्थामा जाहेरवाला मालधनीले सनाखत गरेको मालसामान फिर्ता पाउने र प्रतिवादीहरूले राखेको धरौटी रकम समेत अ.बं. १२४ नं. बमोजिम जफत हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल कात्तिक १४ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको ०६६-CR-०३६२, नकबजनी चोरी, *नेपाल सरकार वि. सोमबहादुर भन्ने सोमे लामा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५-MS-००२१, अदालतको अपहेलना, *एभरेष्ट पेपर मिल्स प्रा.लि. वि. उत्तरकुमार श्रेष्ठ समेत*

निवेदकले दावी गरेको रिवेट रकम १२ किस्तामा मिलान गर्ने गरी निवेदकसँग सहमती भैसकेको भनी विपक्षीतर्फका कानून व्यवसायीले इजलाससमक्ष अनुरोध गरेकोले आदेशको अपहेलना गरेको भन्न मिलेन । त्यस्तै लिखित जवाफको व्यहोरा हेर्दा विपक्षीहरूले सर्वोच्च अदालतबाट मिति २०६४।१०।२४ गते परमादेशको रिटमा जारी भएको परमादेशबमोजिम निवेदक उद्योगले तिर्दै आएको विद्युत महसूलमा रिवेट दिई विद्युत महसूलमा समायोजन समेत गरिसकेको भन्ने व्यहोरा देखिँदा यसरी आदेशको कार्यान्वयन गर्न तयार रहेको अवस्थामा आदेशको अपहेलना गरेको भन्न नमल्ने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६९-WO-०३८२, उत्प्रेषणयुक्त परमादेश समेत, *रामेश्वर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मालपोत ऐन, २०३४ को दफा २४ र मालपोत नियमावली, २०३६ को नियम २२(क) बमोजिम नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गराउन हुँदैन । दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ भन्ने कानूनी व्यवस्था भएको, उक्त जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता हुने भनी परिपत्र भएको कुरा निवेदन व्यहोराबाट देखिएको र श्री ५ को सरकारको सो निर्णय हालसम्म कायम नै रहेको देखिएबाट निवेदकको हक विवादास्पद रहेको देखियो । जग्गा निवेदकको हो, होइन, सबूद प्रमाणको मूल्याङ्कन गरी दर्ता गरिदिनु भन्ने क्षेत्राधिकार साधारण अधिकारक्षेत्रभित्र रहेको हुन्छ । नेपाल सरकारका नाममा दर्ता भइसकेको जग्गाको दर्ता बदर गर्न समेत असाधारण अधिकारक्षेत्रबाट सम्भव हुँदैन । दर्ता बदर गराउने वैकल्पिक उपचार रहेको अवस्थामा समेत असाधारण अधिकारक्षेत्र आकर्षित हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल असोज १५ गते रोज २ शुभम् ।

### रायबाझी आदेश

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९-WO-०४६६, परमादेश, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. न्याय परिषद्को कार्यालय, रामशाहपथ काठमाडौं समेत*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

प्रस्तुत रिट निवेदनमा निर्णयतर्फ विचार गर्दा एकपटक संसदीय सुनुवाई गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त भएका न्यायाधीशहरूलाई स्थायी वा अस्थायी न्यायाधीशमा नियुक्ति गर्दा पुनः संसदीय सुनुवाई गर्न आवश्यक छ छैन, व्यवस्थापिका संसद नरहेको वर्तमान अवस्थामा संसदीय सुनुवाइ सम्भव छ वा छैन, संसदीय सुनुवाइको विकल्प हुन सक्छ सक्दैन र निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्न मिल्छ मिल्दैन तत्सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

निवेदकले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को उपधारा १ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गर्दा नियुक्ति पूर्व निजहरूको संसदीय सुनुवाइ हुनेछ भन्ने प्रावधान रहे पनि एकपटक

संसदीय सुनुवाइको प्रक्रियामा पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त भै कार्यरत् रहेका न्यायाधीशहरूलाई अस्थायी न्यायाधीश पदमै नियुक्ति गर्दा वा स्थायी नियुक्ति गर्दा संसदीय सुनुवाइको प्रक्रियालाई दोहोऱ्याउनु पर्छ भन्ने संवैधानिक एवं कानूनी व्यवस्था नरहेको, संसदीय सुनुवाइपश्चात् मात्र सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गर्न हाल व्यवस्थापिका संसद विद्यमान नरहेकोले सो असम्भव रहेको, संसदीय सुनुवाईको प्रक्रिया पूरा गरेर मात्र न्यायाधीश नियुक्ति गर्दा हाल सर्वोच्च अदालतमा कार्यरत् रहेका अस्थायी न्यायाधीशहरूको पदावधि समाप्त भई न्याय सम्पादनको कार्यमा अवरोध आउनुको साथै न्याय प्राप्त गर्ने आम नागरिकको हकमा आघात पुग्न जाने भएकोले एकपटक संसदीय सुनुवाइको संवैधानिक प्रक्रिया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा कार्यरत् रहेका न्यायाधीशहरूलाई संसदीय सुनुवाइ बिना नै अस्थायी पदावधि थप गर्नु वा स्थायी नियुक्ति दिनु भनी न्याय परिषद्को नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भनी माग गरेको देखिन्छ ।

रिट निवेदकको मागको सम्बन्धमा विचार गर्नुपूर्व सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिका सम्बन्धमा रहेको संवैधानिक र कानूनी व्यवस्थातर्फ दृष्टि दिनु आवश्यक हुन आउँछ । तत्सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ मा निम्न संवैधानिक व्यवस्था रहेको देखिन्छ :

धारा १०२(५) : "सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको अतिरिक्त बढीमा चौध जनासम्म अन्य न्यायाधीशहरू रहनेछन् । कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित् अवधिको लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ" ।

धारा १०३ : "राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतको प्रधान न्यायाधीश र प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिशमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गर्नेछ ।"

धारा ११३(१): न्याय परिषद् : "यस संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति सरुवा, अनुशासनसम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिश गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहनेछ" भनी न्याय परिषद्मा रहने पदाधिकारीहरूको बारेमा उल्लेख छ ।

धारा १५५ को उपधारा (१) मा संवैधानिक पदाधिकारीहरूको सुनुवाइ र नागरिकतासम्बन्धी व्यवस्था : "यस संविधानबमोजिम संवैधानिक परिषद्को सिफारिशमा नियुक्त हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्तिपूर्व निजहरूको कानूनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाई हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ,

त्यस्तै न्याय परिषद् ऐन, २०४७ को दफा ४ मा "कुनै व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा परिषद्ले देहायको कुराको अतिरिक्त सिफारिश गर्नुपर्ने अन्य कानून र आधार समेत प्रष्ट रूपमा उल्लेख गर्नुपर्ने छ भनी देहाय (ख) मा वरिष्ठता अनुभव, विषयवस्तुको ज्ञान, कार्य कुशलता, इमानदारिता, निष्पक्षता र नैतिक आचरण इत्यादिको दृष्टिकोणबाट न्यायाधीश पदमा नियुक्ति गर्न उपयुक्त भएको", उपर्युक्त संवैधानिक एवं कानूनी व्यवस्थाहरूको अध्ययनबाट सर्वोच्च अदालतमा स्थायी र अस्थायी न्यायाधीशहरू रहने व्यवस्था भएको र ती न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिशमा प्रधान न्यायाधीशबाट हुने तथा निजहरूको नियुक्तिपूर्व कानूनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाई हुने स्पष्ट तथा बाध्यात्मक व्यवस्था रहेको पाइन्छ । साथै अस्थायी न्यायाधीशको नियुक्ति निश्चित् अवधिको लागि हुने भन्ने समेत संवैधानिक प्रावधान रहेको छ । सो बमोजिम सर्वोच्च अदालतमा हाल निश्चित् अवधिको लागि अस्थायी न्यायाधीश कार्यरत् रहेको र ती अस्थायी न्यायाधीशको पदावधि सकिन लागेकोले धारा १५५ बमोजिम संसद नरहेको कारण संसदीय सुनुवाई गर्न सकिने सम्भावना नहुँदा अघि संसदीय सुनुवाई भईसकेका अस्थायी न्यायाधीशहरूलाई नै बिना संसदीय सुनुवाई स्थायी नियुक्ति गर्नु वा निजहरूको पदावधि थप गर्नु भनी परमादेश जारी गरिपाऊँ भनी रिट निवेदकको माग रहेको देखिन्छ ।

उपर्युक्त संवैधानिक व्यवस्थाको पृष्ठभूमिमा के स्पष्ट हुन्छ भने सर्वोच्च अदालतको स्थायी वा अस्थायी न्यायाधीशको नियुक्ति प्रक्रियामा ३ वटा निकाय

(क) न्याय परिषद् (ख) प्रधान न्यायाधीश (ग) संसदको संलग्नता रहने प्रावधान छ । अन्तरिम संविधानको धारा ११३ बमोजिम न्याय परिषद्लाई न्यायाधीशको नियुक्तिका लागि सिफारिश र परामर्श दिने अधिकार र भूमिका मात्र प्रदान गरिएको छ भने न्याय परिषद् ऐन, २०४७ को दफा ४ बमोजिम व्यक्तिको कार्यकुशलता, अनुभव, निष्पक्षता, इमानदारिता एवं नैतिक आचरण जस्ता गुणहरूको मूल्यांकनको आधारमा सिफारिश गर्ने दायित्व न्याय परिषद्उपर रहेको छ । सो सिफारिश र परामर्शको आधारमा संविधानको धारा १०३ बमोजिम प्रधान न्यायाधीशले "न्यायाधीशको नियुक्ति गर्नेछ" तर यस्तो नियुक्तिपूर्व कानूनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाई हुने भन्ने धारा १५५(१) मा बाध्यात्मक व्यवस्था रहेको पाइन्छ । तर यी निवेदकले हाल संसद अस्तित्त्वमा नरहेकोले निश्चित अवधि तोकी नियुक्त भएका अस्थायी न्यायाधीशको बिना संसदीय सुनुवाई पदावधि थप गरिपाउन माग गरेका छन् । सो मागको संवैधानिक एवं कानूनी आधार छ, छैन भन्नेतर्फ विचार गर्नुपर्ने हुन्छ । सर्वप्रथम कुनै पनि न्यायाधीशको म्याद थप गर्न सकिने वा पदावधि थप गर्न सकिने संवैधानिक व्यवस्था रहेको देखिँदैन । प्रत्येक तहको न्यायाधीशको नियुक्ति मात्र हुने व्यवस्था रहेको देखिन्छ । अस्थायी न्यायाधीश निश्चित् अवधि तोकी नियुक्ति हुने पद भएकोले सो अवधिपश्चात् निज स्वतः स्थायी न्यायाधीशमा नियुक्ति हुने वा अस्थायी पदमा स्वतः पुनः नियुक्ति हुने भन्ने संवैधानिक व्यवस्था रहेको पनि देखिँदैन । निजको पुनः नियुक्ति गर्नुपर्ने हुन्छ र पुनः नियुक्ति गर्दा न्याय परिषद्को पुनः सिफारिश पनि आवश्यक पर्ने र सिफारिश भएमा निजको नियुक्तिपूर्व धारा १५५ बमोजिम पुनः संसदीय सुनुवाइ आवश्यक पर्ने हुन जान्छ । संसदीय सुनुवाइ नियुक्तिपूर्वको प्रक्रियामध्येको अन्तिम र बाध्यात्मक प्रक्रिया हो । साथै यो प्रक्रियामा न्यायपालिकाको अलावा विधायिकाको संलग्नता हुने संवैधानिक प्रावधान भएकोले विधायिका वा संसदको संलग्नता बिना न्यायाधीश नियुक्तिको प्रक्रिया पूर्ण एवं वैधानिक मान्न मिल्ने देखिँदैन ।

निवेदकको माग एकपटक संसदीय सुनुवाइ भइसकेको अस्थायी न्यायाधीशलाई पुनः संसदीय सुनुवाई बिना पदावधि थप गर्नु वा स्थायी नियुक्ति गर्नु भनी परमादेशको मागदावी रहेको छ तर सो मागदावीमा मुख्य रूपमा ३ वटा संवैधानिक अवरोध रहेको देखिन्छ, पहिलो, निवेदकले न्याय परिषद्लाई विपक्षी बनाई अस्थायी न्यायाधीशलाई पदावधि थप गर्नु वा स्थायी न्यायाधीश नियुक्त गर्नु भनी माग गरेको देखिन्छ । तर संविधानको धारा ११३ बमोजिम पदावधि थप गर्न वा स्थायी न्यायाधीशको पदमा नियुक्ति गर्ने अधिकार न्याय परिषद्मा रहेको देखिँदैन । न्याय परिषद् न्यायाधीश नियुक्तिका सम्बन्धमा एउटा सिफारिश गर्ने वा परामर्श दिने निकायको रूपमा मात्र रहेको छ । नियुक्तिको लागि सिफारिश मात्र गर्ने निकायलाई नियुक्ति नै गर्नु वा पदावधि थप गर्नु भनी अदालतबाट कुनै आदेश जारी गर्न संविधानसम्मत हुँदैन । संविधान वा कानूनले अधिकार नदिएको विषयमा कुनै निकायलाई थप अधिकार दिने गरी सो अधिकार प्रयोग गर्नु भनी अदालतबाट आदेश हुन संविधानप्रतिकूल हुन जान्छ । त्यसमा पनि न्यायाधीशको सिफारिश गर्दा न्याय परिषद्ले कानूनले तोकेको विभिन्न आधारमा मूल्याङ्कन गरी मात्र सिफारिश गर्नु पर्नेमा सो दायित्वबाट विचलन गराई बिना मूल्याङ्कन (Appraisal) निवेदकको मागबमोजिम कार्यरत अस्थायी न्यायाधीशलाई नै नियुक्ति गर्नु भनी परमादेश जारी गर्न पनि मिल्ने हुँदैन ।

दोस्रो, संविधानबमोजिम सर्वोच्च अदालत लगायत हरेक तहको अदालतमा स्थायी वा अस्थायी न्यायाधीशको नियुक्ति गर्ने अधिकार र कर्तव्य प्रधान न्यायाधीशलाई सुम्पेको देखिन्छ । निवेदकको मागबमोजिम अस्थायी न्यायाधीशलाई पदावधि थप गरी नियुक्ति गर्ने वा निजलाई स्थायी न्यायाधीशको पदमा नियुक्ति गर्ने समेतका अधिकार र कर्तव्य प्रधान न्यायाधीशको हुने भन्ने व्यवस्था संविधानको धारा १०३ मा रहेको छ । तर निवेदकले नियुक्तिको अधिकारी प्रधान न्यायाधीशलाई विपक्षी बनाएको देखिँदैन । रिट निवेदनमा न्याय परिषद्लाई मात्र विपक्षी बनाइएको छ । न्याय परिषद्को नाममा जारी हुने कुनै आदेश वा निर्देशनलाई नियुक्तिकर्ताको हैसियतमा प्रधान न्यायाधीशले मान्न कर लाग्दैन र यस्तो आदेश वा निर्देश जारी भए पनि निरर्थक र प्रभावहीन हुने हुन्छ । प्रधान नयायाधीशको भूमिका संविधानबमोजिम अलग-अलग निकाय र हैसियतमा भिन्न-भिन्न रहेको छ ।

न्याय परिषद्को अध्यक्षको हैसियतमा न्यायाधीशको नियुक्ति, सरुवा वा बर्खासीको लागि प्रधान न्यायाधीश सिफारिशकर्ता वा परामर्शदाताको रूपमा प्रस्तुत हुन्छ भने न्याय सेवा आयोगका अध्यक्षको हैसियतमा न्यायाधीश बाहेक न्याय सेवाको अधिकृतको नियुक्ति, सरुवा, बढुवा वा कारवाहीको सम्बन्धमा सिफारिशकर्ताको भूमिका हुन्छ। त्यस्तै सर्वोच्च अदालतको प्रधान न्यायाधीशको रूपमा न्यायकर्ता, अवस्थाअनुसार नियुक्तिकर्ता वा न्याय प्रशासनको प्रमुखको भूमिकामा रही कर्तव्य निर्वाह गर्दछ। त्यसैले न्याय परिषद्लाई विपक्षी बनाएको कारणले नियुक्तिकर्ताको रूपमा रहेको प्रधान न्यायाधीशलाई विपक्षी बनाए सरह नहुने र न्यायाधीश नियुक्ति गर्ने नियुक्तिकर्ताको रूपमा प्रधान न्यायाधीशलाई विपक्षी नबनाएको कारण निवेदकको मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था हुँदैन।

तेस्रो, निवेदकले "अस्थायी न्यायाधीशलाई पदावधि थप गर्नु वा स्थायी न्यायाधीशमा नियुक्ति गर्नु" भनी न्याय परिषद्को नाममा परमादेशको माग गरेको देखिन्छ। परमादेश (Mandamus) जारी हुनसक्ने आधार र अवस्थाका बारेमा विचार नगरी निवेदकको प्रस्तुत रिट दायर भएको देखिन्छ।

कुनै सार्वजनिक पदाधिकारीले कानूनबमोजिम तोकिएको आफ्नो काम कर्तव्य पूरा गरेन वा गर्नबाट इन्कार गरेमा र सोबाट कसैको संविधान वा कानूनप्रदत्त हकमा आघात परेको देखिएमा सो तोकेको काम कर्तव्य पूरा गर्नु भनी अदालतबाट सो सार्वजनिक अधिकारी वा निकायको नाममा जारी हुने आदेश परमादेश हो। तर पदावधि थप गर्नु वा स्थायी न्यायाधीशमा नियुक्त गर्ने काम कर्तव्य कुन कानून वा संविधानबमोजिम न्याय परिषद्लाई तोकको हो सो कानूनी वा संवैधानिक व्यवस्था निवेदकले रिट निवेदनमा वा बहसको क्रममा देखाउन सक्नुभएको छैन। संविधानबमोजिम न्याय परिषद् स्वयं पदावधि थप गर्ने वा नियुक्ति गर्ने निकाय नभई सोका लागि निश्चित् प्रक्रियाबाट गरिएको मूल्याङ्कनको आधारमा नियुक्तिको लागि सिफारिशसम्म गर्ने काम र कर्तव्य मात्र तोकिएको निकाय हो। यस्तो निकायलाई ऐनले तोकेको आधार, प्रक्रिया र कुनै मूल्याङ्कन बिना नै आफ्नो काम कर्तव्य गर्नु भनी सतही आधारमा भन्न नमिल्ने हुन्छ। साथै रिट निवेदनमा नाम उल्लेख भएका वा नभएका अमुक अस्थायी न्यायाधीशलाई नै नियुक्त गर्नु भनी बिना आधार, मूल्याङ्कन वा तोकिएको निश्चित् प्रक्रिया पूरा नै नगरी नियुक्ति गर्नु भनी परमादेश जारी गर्न सर्वथा सिद्धान्त र प्रचलन प्रतिकूल हुन जान्छ।

जहाँसम्म धारा १५५ (१) मा उल्लेख भएको संसदीय सुनुवाईसम्बन्धी व्यवस्था हो सो व्यवस्था स्वविवेकीय आधारमा वा अवस्थाअनुसार मात्र प्रयोग हुने व्यवस्था नभइ बाध्यात्मक (Mandatory) रूपमा न्यायाधीशको नियुक्ति पूर्व प्रयोग हुने सर्वकालिक व्यवस्था भएको भन्ने उक्त धारा १५५(१) को पठनबाट देखिन आउँछ। सो धारा १५५(१) मा ...."सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको नियुक्ति पूर्व निजहरूको कानूनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाई हुनेछ" भन्ने संवैधानिक व्यवस्था रहेको छ। न्यायाधीशको नियुक्ति पूर्व संसदीय सुनुवाईको प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था तत्काल संसद बहालमा रहेको अवस्थामा मात्र गर्नुपर्ने र कुनै कालखण्डमा एउटा संसद विघटन भई अर्को संसदको निर्वाचन भई नसकेको अवस्थामा अथवा संसदको एउटा सत्र अवशान भई अर्को सत्र प्रारम्भ नभएको बीचको अवधिमा न्यायाधीश नियुक्ति गर्दा संसदीय सुनुवाई गरिरहन नपर्ने भन्ने अर्थ गर्न मिल्ने हुँदैन। संविधानको उक्त धाराको यस्तो व्याख्या गर्दा संविधानको त्रुटिपूर्ण व्याख्या हुन जान्छ। संविधानको कुनै धारा वा प्रावधानको सहज र सरल व्याख्या गर्नुपर्ने र सो प्रावधानलाई निष्प्रभावी वा निरर्थक तुल्याउने गरी व्याख्या गर्न मिल्दैन।

जहाँ संविधान वा कानूनको शब्द र त्यसको भाव स्पष्ट छ र सो शब्दहरूले एउटा निश्चित् र सहज अर्थ दिन्छ, त्यहाँ व्याख्याको गुञ्जाइस रहँदैन। यस्तोमा संविधानको व्यवस्थालाई अन्यथा अर्थ गरी आफू अनुकूल हुने वा आफूलाई सहज हुने गरी व्याख्या गर्नाले सैद्धान्तिक विचलनको अवस्था उत्पन्न गर्न सक्दछ। संविधानको कुनै व्यवस्थाले एउटा उद्देश्य वा पद्धतिलाई निर्माण गर्ने प्रयास गरेको छ भने सो संवैधानिक व्यवस्था उचित प्रक्रियाद्वारा संशोधन वा खारेज नभएसम्म अदालतले व्याख्या गरी सो व्यवस्थालाई निष्क्रिय वा निष्प्रभावी तुल्याउन कदापि

उचित र संविधानसम्मत हुन सक्दैन । निवेदकले सर्वोच्च अदालतको न्यायाधीशको पटक-पटक संसदीय सुनुवाइ गर्न उपयुक्त नहुने भनी हाल कार्यरत् अस्थायी न्यायाधीशलाई संसदीय सुनुवाई नै नगरी पदावधि थप गर्न वा स्थायी नियुक्ति गरी पाउन माग गरेको छ तर सुबोधमान नापित विरुद्ध मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालय समेत भएको उत्प्रेषण मुद्दामा ( *नेकाप* २०६७, अङ्क ६, नि.नं. ८३८५, पृ. ९०६) को रिटमा एउटै व्यक्तिलाई अस्थायी न्यायाधीशबाट स्थायी पदमा नियुक्ति गर्दा वा प्रधान न्यायाधीश पदमा नियुक्ति गर्दा पटक-पटक संसदीय सुनुवाई हुने संवैधानिक व्यवस्थालाई स्वीकार गरी यस अदालतको विशेष इजलासबाट मिति २०६७/१/२/५ मा निर्णय गर्दा अन्यथा भन्न र गर्न नसकेको तथा उक्त संवैधानिक व्यवस्था आगामी बन्ने संविधानमा नराख्न निर्देशात्मक आदेशसम्म जारी गरेको देखिन्छ । सो आदेशको पृष्ठभूमिमा यस इजलासले सोबमोजिम विद्यमान संसदीय सुनुवाइसम्बन्धी संवैधानिक व्यवस्था परिवर्तन नहुँदै पटक-पटक सुनुवाई गर्न नहुने हुँदा बिना संसदीय सुनुवाई न्यायाधीशको नियुक्ति गर्नु भनी अन्यथा आदेश गर्दा उक्त निर्णय प्रतिकूल हुन जान्छ । साथै अस्थायी न्यायाधीशको पुनः नियुक्ति गर्दा तथा अस्थायी न्यायाधीशलाई स्थायी पदमा सोही व्यक्तिलाई नियुक्ति गर्दा समेत पटक-पटक संसदीय सुनुवाई हुने अभ्यास रही आएको भन्ने स्वयं निवेदकले आफ्नो निवेदनमा नै उल्लेख गरेको देखिन्छ । हाल संसद नरहेको अवस्थाको पृष्ठभूमिमा न्यायाधीशहरूको संख्या न्यून हुन जाने र सर्वोच्च अदालतको न्यायिक प्रक्रिया अवरुद्ध हुन जाने भन्ने आशंका व्यक्त गरी बिना संसदीय सुनुवाई पदावधि थप वा स्थायी नियुक्ति गरिपाऊँ भन्ने निवेदकको मागलाई सदाशयपूर्वक गरिएको मागसम्म भन्न सकिन्छ तर तत्काल संसदीय सुनुवाई हुन नसक्ने अवस्था भई सर्वोच्च अदालतमा न्यायाधीशको संख्या न्यून भए पनि न्याय सम्पादन कार्य पूर्णतया अवरुद्ध हुने स्थिति निवेदकले देखाउन सकेको अवस्था छैन । साथै अस्थायी न्यायाधीशमा कार्यरत् रही एक पटक संसदीय सुनुवाई भइसकेको व्यक्तिलाई नै सो पदमा पुनः नियुक्ति गर्नु भनी आदेश गर्दा न्याय परिषद्ले न्यायाधीशको लागि सिफारिश गर्दा न्याय परिषद् ऐन, २०४७ को दफा ४ मा उल्लिखित विभिन्न आधारमा मूल्याङ्कन गर्नुपर्ने कुनै कार्य वा मूल्यांकन नगरी नियुक्तिको सिफारिश गर्नु भन्ने कानूनविपरीतको आदेश हुन जान्छ । कानूनमा लेखिएको आधार र प्रक्रिया र मूल्याङ्कन पद्धतिलाई अनुशरण गरी गर्नु पर्ने कार्यलाई बिना आधार, प्रक्रिया र मूल्याङ्कनबाट नै न्यायाधीशको नियुक्ति गर्न अदालतले आदेश दिन नमिल्ने हुन्छ । त्यस्तै प्रचलित संवैधानिक व्यवस्थाबमोजिम अदालतले न्यायाधीश नियुक्ति गर्न मिल्दैन । एक पटक संसदीय सुनुवाई भइसकेको हाल कार्यरत् रहेका अस्थायी न्यायाधीशलाई नै नियुक्ति गर्नु भनी आदेश जारी गर्दा अदालतले न्यायाधीश नियुक्ति गरे सरह हुने र सो कार्य संविधान र कानूनप्रतिकूल हुन जाने हुन्छ र अदालतबाट यस्तो कानूनप्रतिकूल आदेश जारी गर्न नमिल्ने हुन्छ । सर्वोच्च अदालतमा न्यायाधीशको संख्या न्यून हुनजाने भय र आशंकाको एकमात्र आधार र कारणबाट संविधानको त्रुटिपूर्ण व्याख्या गरी संविधानको प्रावधानलाई निष्क्रिय वा निष्प्रभावी तुल्याउन, अदालत आफ्नो कार्यक्षेत्रबाट बाहिर गई न्यायाधीश नियुक्ति गर्न तथा दिग्भ्रमित हुने अवस्था आउन हुँदैन ।

न्याय परिषद्को संरचना, स्वरूप एवं संवैधानिक व्यवस्था हेर्दा न्याय परिषद् न्यायाधीशको नियुक्तिको लागि सिफारिश गर्ने परामर्शदायी निकाय भएको र उक्त सिफारिशको आधारमा प्रधान न्यायाधीशबाट अन्य न्यायाधीशहरूको नियुक्ति हुने प्रावधान रहेको छ । त्यसरी सिफारिश गर्ने निकाय र नियुक्ति गर्ने निकायले उक्त धारा १५५(१) को प्रावधान आवश्यक वा बाध्यात्मक छ वा छैन तथा संसदीय सुनुवाई बिना पनि न्यायाधीशको नियुक्ति गर्न सकिने हो, होइन सो सम्बन्धमा स्वयंले विचार गरी आवश्यक निर्णय गर्नसक्ने सक्षम र समर्थ रहेको अवस्था विद्यमान नै रहेको छ । सोबमोजिम संवैधानिक प्रक्रियाबमोजिम न्यायाधीश नियुक्तिको सिफारिश गर्न वा नियुक्ति गर्न विपक्षी बनाइएको न्याय परिषद्ले इन्कार गरेको भन्ने अवस्था पनि निवेदकले देखाउन सकेको नहुँदा समेत मागबमोजिम परमादेश जारी हुनसक्ने देखिँदैन ।

अतः माथि गरिएको विवेचनाबाट निवेदकले न्यायाधीश नियुक्तिका सम्बन्धमा सिफारिश गर्ने निकाय

न्याय परिषद्लाई मात्र विपक्षी बनाई नियुक्ति गर्ने पदाधिकारीलाई विपक्षी नबनाएको, न्याय परिषद्ले संवैधानिक व्यवस्थाबमोजिम नियुक्तिको लागि सिफारिश गर्न इन्कार गरेकोले प्रस्तुत रिट दिन परेको भन्ने अवस्था पनि निवेदनमा नदेखाएको तथा संविधानको बाध्यात्मक व्यवस्था प्रतिकूल हुने गरी यस अदालतबाट कुनै आदेश जारी हुने अवस्था नभएको स्थिति हुनाले न्यायाधीशको पदपूर्तिसम्बन्धी संविधानअनुकूल हुने आवश्यक कार्य गर्न न्याय परिषद् स्वयं सक्षम र समर्थ रहेको अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्दैन। रिट निवेदन खारेज हुने ठहर्छ। तर सहयोगी माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालको फरक राय भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम प्रस्तुत निवेदन पूर्ण इजलासमा पेश गर्नु।

**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालको रायः**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को उपधारा (१) बमोजिम एकचोटी संसदीय सुनवाईसम्बन्धी प्रक्रिया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्ति भई कार्यरत् रहेका न्यायाधीशहरूलाई स्थायी गर्दा वा अस्थायी पदमै कामकाज गर्ने गरी म्याद थप गर्दा संसदीय सुनवाई बिना नै अविलम्ब स्थायी गर्नु वा अस्थायी पदमै कामकाज गर्ने गरी पदावधि थप गर्नु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भन्ने प्रस्तुत निवेदनको मागदावी रहेको छ। सो मागसँग सम्बन्धित संवैधानिक र कानूनी व्यवस्थाहरू सम्बन्धमा सर्वप्रथम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०२ को उपधारा (५) लाई हेर्दा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको अतिरिक्त बढीमा चौध जनासम्म अन्य न्यायाधीशहरू रहनेछन्। कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित् अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ भनी व्यवस्था गरिएको छ भने सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति सम्बन्धमा धारा १०३ को उपधारा (१) मा...प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिशमा सर्वोच्च अदालतका अन्य न्यायाधीहरूको नियुक्ति गर्नेछ.... भनी व्यवस्था भएको पाइन्छ। यसको साथसाथै धारा १५५(१) मा यस संविधानबमोजिम संवैधानिक परिषद्को सिफारिशमा नियुक्त हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्तिपूर्व निजहरूको कानूनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाइ हुनेछ भनी व्यवस्था भएको र तदानुसार संविधानसभा (व्यवस्थापिका संसद) को कार्य सञ्चालन नियमावली, २०६५ को नियम ११९ मा भएको सोसम्बन्धी कानूनी व्यवस्थाअनुसार सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीशहरूको नियुक्तिका लागि सिफारिश गर्दा सम्भाव्य उम्मेद्वारको नाउँ प्रस्ताव गरी संसदीय सुनवाइको लागि सम्बन्धित निकायले पठाउनु पर्ने र संसदीय सुनुवाई समितिले सो नियमावलीअनुसार सुनुवाई गर्नुपर्ने हुन्छ। सर्वोच्च अदालतको न्यायाधीशहरूको अहिलेसम्म भै आएको नियुक्तिसम्बन्धमा उक्त संवैधानिक एवं कानूनी व्यवस्थाहरूको अक्षरसः पालन भएको र न्यायाधीशहरूको नियुक्ति हुँदा एक पटक सुनुवाई भै सकेको भए पनि निजलाई पुनः अस्थायी वा स्थायीमा नियुक्ति गर्दा पटक-पटक गरिएको सुनवाई सम्बन्धमा पटक-पटक सुनुवाई गरी परमादेश लगायत उत्प्रेषण समेत माग गरी अधिवक्ता सुवोधमान नापित तर्फबाट सार्वजनिक सरोकारको विषय देखाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई दायर भएको २०६४ सालको रिट नं. WS-००२९ को (*नेकाप* २०६७, अङ्क ६, नि.नं. ८३८५, पृ. ९०६) निवेदन माग सम्बन्धमा मिति २०६७।१।२।५ मा यस अदालतको विशेष इजलासबाट निर्णय हुँदा समेत पुनः सुनुवाइ सम्बन्धमा सुधार हुनुपर्ने कुरातर्फ निर्देशनात्मक आदेश जारी भए पनि वर्तमान अन्तरिम संविधानमा रहेको उक्त व्यवस्थालाई यथास्थितिमा नै स्वीकार गर्नुपर्ने निष्कर्षमा पुगिएको बुझिन्छ।

अधिवक्ता सुवोधमान नापितको उक्त निवेदन सम्बन्धमा सर्वोच्च अदालतबाट निर्णय हुँदा संविधानसभा एवं संसद कार्यरत् रहेको अवस्था रहेको तर वर्तमान अवस्थामा संसद कायम नरहेको एवं निकट भविष्यमा निर्वाचन हुनसक्ने भनी स्पष्ट समेत भैनसकेको अवस्थामा संविधानसभा रहेको संसदीय सुनवाई सम्पन्न हुन नसक्ने हुँदा संसदीय सुनवाई बिना पनि सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति वा भैरहेको अस्थायी न्यायाधीशहरूको पुनः नियुक्ति वा निजहरूको कार्यकाल थप हुनसक्ने नसक्नेबारे सार्वजनिक सरोकारको विषयको

भनी परेको प्रस्तुत रिट निवेदन सम्बन्धमा देशमा विद्यमान वर्तमान संवैधानिक एवं राजनीतिक परिस्थिति समेतलाई मध्यनजर राखी हेर्नुपर्ने हुन्छ।

सोसम्बन्धमा सर्वप्रथम प्रस्तुत रिट निवेदनलाई सार्वजनिक सुनुवाइको विषय (Public Interest Litigation) मान्नु पर्ने, मान्नु नपर्ने सम्बन्धमा नै हेर्नुपर्दा एकचोटी संसदीय सुनुवाई भै सर्वोच्च अदालतमा नियुक्त भएका न्यायाधीशहरूका सम्बन्धमा पुनः सुनुवाइ हुनु नपर्ने भनी प्रस्तुत रिट विनेदनको माग दावी रहेको देखिए पनि रिट निवेदनमा सर्वोच्च अदालतमा न्यायाधीशहरूको नियुक्ति हुन नसक्ने अवस्थामा राज्यको समग्र न्याय प्रणालीमा असर पर्नसक्ने अवस्थाबाट निवेदन चिन्तित भै प्रस्तुत रिट निवेदन गरेको कुरा निवेदन व्यहोराहरूबाट देखिनुका साथै अदालतको आदेशानुसार अदालतका सहयोगीहरू (Amicus Curiae) का रूपमा उपस्थित भएका विद्वान वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी एवं यज्ञमूर्ति बञ्जाडे समेतले त्यसै प्रकारको चिन्ता आफ्नो वहस निवेदनमा प्रकट गर्नु भएको छ। नेपालको अन्तरिम संविधान, २०६३ धारा १५५(१) को प्रक्रिया पूरा हुन नसक्ने खण्डमा सर्वोच्च अदालतका रिक्त न्यायाधीशहरूको नियुक्ति हुन नसकेमा त्यसको प्रत्यक्ष प्रभाव राज्यको न्याय प्रणालीमा पर्ने र त्यसबाट जनताको हक र अधिकारको समुचित सुरक्षा हुन नसक्ने अवस्था समेत उत्पन्न हुन सक्नाले यस्तो प्रश्न सार्वजनिक सरोकारको होइन भन्न मिल्दैन। अतएव निवेदन मागसँग सम्बन्धित प्रश्न मुख्यरूपले सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिसँग सम्बन्धित रहेको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को व्यवस्थाअनुसार त्यस्ता प्रश्नको निरूपण यस अदालतबाट हुनुपर्ने देखिनाले प्रस्तुत रिट निवेदनलाई सार्वजनिक सरोकारको विषयको रहेको मान्नुपर्ने नै भयो।

नेपालको अन्तरिम संविधान, २०६३ को बनौट हेर्दा नाउँबाट नै यो संविधान अन्तरिमकाल अर्थात् संविधानसभाबाट अर्को संविधान नबनेसम्मको लागि मात्र बनाइएको थियो भन्ने देखिन्छ र उक्त कुरा यस संविधानको प्रस्तावनामा उल्लिखित नेपाली जनताको आफ्नो लागि आफैं संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता, र स्वाभिमानलाई केन्द्रमा राख्दै, राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै, आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्न संविधानसभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं भन्ने शब्दावलीहरू एवं संविधानअन्तर्गत्का अन्य व्यवस्थाहरूबाट स्पष्ट हुन्छ।

माथि उल्लिखित भएअनुसार संविधान बनाउने कुरालाई मूर्तरूप दिन संसद समेतको कार्य गर्न सक्ने गरी संविधानसभाको निर्वाचन एवं गठन भए पनि सो सभाले आफ्नो चार वर्षको कार्यकालसम्ममा पनि अपेक्षित संविधान निर्माणको कार्य पूरा गर्न सकेन र त्यसको कारणले संसद समेतको कार्य गर्न सो संविधानसभाको अवशान भएको दुःखद् एवं दुर्भाग्यपूर्ण अवस्था देशले भोगिरहेको छ। उक्त परिस्थितिमा नेपालको अन्तरिम संविधान, २०६३ नै कायम रहेको कुरा पनि सबैलाई विदित हुनु स्वाभाविक भए पनि नयाँ संविधान आउन नसकेको र संसद समेत नरहेको अवस्थामा कतिपय उत्पन्न हुनसक्ने संवैधानिक एवं कानूनी प्रश्नको उत्तर वर्तमान संविधानमा सहज रूपले पाउन सकिँदैन। उक्त कुराको साथसाथै नेपालको अन्तरिम संविधान, २०६३ मा संसदलाई निरन्तर रहने महत्त्वपूर्ण विधायकी अंगको रूमा लिइएको देखिए पनि देशमा संसद नरहने अवस्था समेत हुनसक्ने र पुनः संसद गठन हुने कुरामा अनिश्चित् पनि देखिन सक्ने कुराको कल्पना समेत यस संविधानले गरेको पाइँदैन। यसको अतिरिक्त अब निर्वाचन कहिले हुने र पुनः निर्वाचन हुँदा संविधानसभा वा संसद के कसको एवं के कसरी हुने सम्बन्धमा समेत कुनै राजनैतिक निष्कर्षमा हालसम्म पुग्न सकिएको बुझिएको छैन। यस्तो अवस्थामा धारा १५५(१) मा व्यवस्था भएअनुसार निकट भविष्यमा संसदीय सुनुवाई भै सर्वोच्च अदालतमा न्यायाधीशहरू नियुक्ति हुनसक्ने कुरा सम्भव (Possible) नहुने स्पष्ट छ।

माथि उल्लिखित धारा १५५(१) को प्रक्रिया सम्भव हुन नसक्ने स्थिति भै सर्वोच्च अदालतका न्यायाधीशरू

नियुक्ति हुन नसक्ने अवस्थामा के कस्तो परिस्थिति उत्पन्न हुने भन्ने कुरातिर हेर्दा निकट भविष्यमै केही अस्थायी न्यायाधीशहरूको निर्धारित पदावधि सकिने हुँदा यही मंसिर एवं माघ महिनाभित्रैमा अस्थायी न्यायाधीशहरूको कार्यकाल समाप्त हुन्छ। त्यसको अतिरिक्त पनि स्थायी न्यायाधीशहरूका रूपमा कार्यरत् रहेका ६ जना न्यायाधीशहरू हाल रहने भए पनि संख्यात्मकरूपमा कम हुने ती न्यायाधीशहरूले मात्र संविधानद्वारा प्रदत्त सर्वोच्च अदालतका सबै जिम्मेवारीहरू पूरा गर्ने अवस्थामा हुँदैनन्। ती न्यायाधीशहरू समेत उमेरको हदका कारण विस्तारै-विस्तारै अवकाश प्राप्त गर्ने हुनाले यही संवैधानिक परिस्थिति रहिरहने हो भने सर्वोच्च अदालत न्यायाधीशविहीन अवस्थामा जाने भै जनताको कानूनी हकको सुरक्षा प्रदान गर्ने जिम्मेवारी बोकेको यो सर्वोच्च अदालतको कार्य विस्तारै-विस्तारै ठप्प हुने हुन्छ। राज्य, संविधानले व्यवस्था गरेका विभिन्न अङ्गहरूको माध्यमले सञ्चालित हुन्छ र त्यसमा सर्वोच्च अदालत जस्तो महत्त्वपूर्ण न्याय सम्पादन जस्तो आफ्नो कार्य सुचारू रूपले गर्न नसक्ने भएमा देशमा के कस्तो अराजकता एवं दुरावस्थाको स्थिति उत्पन्न हुन्छ, त्यसको कल्पना गर्न पनि सकिँदैन।

संविधानमा कुनै कुराको उत्तर हुँदैन भने हामीले संविधानवाद (Constitutionalism) मा सो कुराको उत्तर खोज्नु पर्दछ र संविधानवादले लोकतन्त्रमा न्यायपालिकाको उपस्थिति मात्र चाहँदैन, न्यायपालिका सक्षम र स्वतन्त्र रूपले आफ्नो कार्य गर्न पाउनु पर्छ र गर्नु पर्छ भनी विश्वास राख्दछ। अन्तरिम संविधानको उल्लिखित धारा १५५(१) अहिलेको अवस्थामा सक्रिय हुन नसक्ने कुरामा दुईमत हुन सक्दैन। त्यसैकारणले संविधानका अन्य महत्त्वपूर्ण व्यवस्थाहरूलाई निष्क्रिय तुल्याई राख्न संवैधानिक हुन सक्छ, सक्दैन भन्ने प्रश्न उपस्थित भयो भने सक्दैन भन्ने कुरा सहज रूपले नै भन्न सकिन्छ।

वर्तमान अवस्थामा कायम रहेको नेपालको अन्तरिम संविधान, २०६३ को भाग १० जुनमा न्यायपालिकासम्बन्धी व्यवस्थाहरू गरिएको छ, सो भाग र त्यसको धारा १०३(१) जुनमा सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिबारे व्यवस्था समेत भएको छ। त्यसको बनौटबाट सो व्यवस्था धारा १५५(१) सँग प्रत्यक्षरूपले जोडिएको बुझिँदैन। संविधानको विविध व्यवस्थाअन्तर्गत भएको धारा १५५(१) को व्यवस्था सो धारा १०३(१) सँग अवश्य जोडिन पुगेको देखिन्छ। यस्तो अवस्थामा मूल र महत्त्वपूर्ण उद्देश्य सन्निहित रहेको धारा १०३(१), उक्त धारा १५५(१) निष्क्रिय हुन पुगेको परिस्थितिमा स्वतः नाकाम, अशक्त वा पंगु (Paralised) हुने भई सर्वोच्च अदालत, जसलाई शान्तिपूर्ण तरिकाले न्यायको लागि जनताले अन्तिम प्रयास गर्ने अदालत (Court of the Last Resort) पनि भनिन्छ, त्यसको न्यायाधीशहरूको नियुक्ति नै हुन नसक्ने गरी भन्न संविधान वा संविधानवादको ध्यय वा लक्ष्य कदापि हुन सक्दैन र त्यस प्रकारको विचारले कुनै सार्थक निष्कर्ष (Meaningful End) पनि दिन सक्दैन।

त्यसकारण न्याय परिषद्ले आवश्यकताअनुसार सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिसम्बन्धी भूमिकामा आफ्नो कर्तव्यको निर्वहन नगरेमा राज्यको न्याय प्रणालीमा अपूरणीय क्षति हुनसक्ने र जनतालाई प्राप्त संवैधानिक अधिकारको संरक्षण समेतमा धेरै प्रतिकूल असर पर्न जाने भै त्यसको परिणामस्वरूप राज्य व्यवस्था नै संकटमा पर्न जाने हुनाले न्यायपालिकासम्बन्धी संवैधानिक व्यवस्थाहरू यथासम्भव सुचारू नै राख्नुपर्ने हुँदा वर्तमानमा अवरूद्ध भएको सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिसम्बन्धी प्रक्रियालाई समग्र रूपमा हेर्नुपर्ने भै प्रस्तुत रिट निवेदनलाई सार्वजनिक सरोकारको विषय (Public Interest Litigation) को रूपमा ग्रहण गर्नुपर्ने हुन्छ।

अतएव न्यायाधीशहरूको नियुक्ति सम्बन्धमा यस अदालतमा कार्यरत् रहेको अस्थायी न्यायाधीशहरू एवं अन्तरिम संविधानको धारा १०३ र त्यसका उपधाराहरू (१) तथा (३) र सोसँग सम्बन्धित अन्य धाराहरूअनुसार सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्त हुनसक्ने योग्यता पुगेका सबैलाई ध्यानमा राखी न्याय परिषद् ऐन, २०४७ लाई समेत मध्येनजर गरी आवश्यकताअनुसार स्थायी वा अस्थायी न्यायाधीशहरूको नियुक्तिसम्बन्धी सिफारिश गर्नुपर्ने जिम्मेवारी र कर्तव्यको निर्वहन न्यायपरिषद्बाट हुनु पर्दछ।

वर्तमान अवस्थामा संसद नरहेको र निकट भविष्यमै संसदको निर्वाचन र गठन हुने कुरा सुनिश्चित्

हुन समेत नसकेकोले अन्तरिम संविधानको संसदीय सुनुवाइसँग सम्बन्धित धारा १५५(१) हालको अवस्थामा सक्रिय हुन नसक्ने हुनाले संसदीय सुनुवाइको कार्यान्वयन हुन असम्भव नहुने (No Possibility) परिस्थितिमा रहेको देखिनाले, सम्भव हुन नसक्ने कुरा हुनैपर्ने गरी कुनै निकायबाट सम्भव समेत गराउन सकिँदैन ।

त्यसकारण अन्तरिम संविधान आउँदाको अवस्थामा यस्तो परिस्थितिको कल्पना समेत नगरिएको स्थिति उत्पन्न भै संसदीय सुनुवाइसँग सम्बन्धित धारा १५५(१) अशक्त (Paralised) भएको भए पनि सो कारणले मात्र सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिसँग सम्बन्धित धाराहरू १०२(५) एवं १०३ र त्यसका उपधाराहरू (१) तथा (३) र सोसँग सम्बन्धित कार्यान्वियन हुनसक्ने अन्य धाराहरू र सो धाराहरूले निर्धारण गरेका महत्त्वपूर्ण जिम्मेवारी र कर्तव्यलाई समेत निष्क्रिय वा निस्तेज पार्न संविधान तथा संवैधानिक कानूनसम्मत् हुने भनी निष्कर्षमा पुग्न न्यायोचित् हुन सक्तैन ।

तसर्थ हाल कार्यरत रहेका सर्वोच्च अदालतका अस्थायी न्यायाधीशहरूलगायत योग्यता पुगेका सबैलाई ध्यानमा राखी सर्वोच्च अदालतमा रिक्त रहेका स्थायी न्यायाधीशहरू वा आवश्यकताअनुसारका अस्थायी न्यायाधीशहरूको नियुक्तिको आवश्यकता, न्याय परिषद्ले महसूस गरेमा सोबमोजिमको जिम्मेवारी र कर्तव्य निर्वहन गर्न सोसम्बन्धी प्रक्रिया सुचारू गरी धारा १५५(१) को व्यवस्था सुचारू हुनसक्ने अवस्थामा सोहीबमोजिम वा सो सम्बन्धमा कुनै संवैधानिक व्यवस्था हुने भएमा सोबमोजिम हुने गरी गर्न गराउन संसद सचिवालयमार्फत् संसदीय सुनुवाइ विशेष समितिलाई जानकारी गराई नियुक्तिको लागि प्रधान न्यायाधीशसमक्ष सिफारिश गर्न, विरूद्ध खण्डमा उल्लिखित रहेको न्याय परिषद्को नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

रायबाझी फैसला भएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल मंसिर १७ गते रोज १ शुभम् ।

## कोर्टफी सुविधा

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-०१०४, क्षतिपूर्ति, *हरिप्रसाद शर्मा आचार्य वि. विष्णुलाल श्रेष्ठ समेत*

आर्थिक स्थिति कमजोर भएकोले फिराद गर्दा लाग्ने कोर्टफी रू. १२,९६,२७०।- पछि मुद्दा फैसला हुँदा ठहरबमोजिम हुने गरी हाल कोर्टफी नलिई फिराद दर्ता गरिपाऊँ भनी निवेदन परेकोमा त्यस अदालतबाट निवेदकले तिर्न बुझाउन पर्ने रकमको आधासम्मको कोर्टफी सुविधा प्रदान गरेउपर प्रस्तुत निवेदन पर्न आएको देखियो । कोर्टफी ऐन, २०१७ को दफा २३ अनुसार मुद्दा हेर्ने न्यायाधीश वा अधिकृतलाई नालेस उजूर वा पुनरावेदन गर्ने व्यक्तिको आर्थिक अवस्था कमजोर रहेको कारणले सो तिर्न बुझाउन नसक्ने भन्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सिफारिश भई आएमा उक्त सिफारिश समेतलाई मध्यनजर राखी कोर्टफीको सुविधा प्रदान गर्न कानूनी व्यवस्था रहेको पाइन्छ । मुद्दा दर्ता गर्नको लागि प्रदान गरिने यस्तो सुविधा कोर्टफीको मिनाहा नभै पछि मुद्दा फैसला हुँदा ठहरेबमोजिम सम्बन्धित पक्षले बुझाउनु पर्ने हुँदा तत्काल कोर्टफी तिर्नुपर्ने व्यक्तिले सो बुझाउन नसकेको कारणले न्याय माग्न बञ्चित नहोस् भन्ने उद्देश्यका साथ ऐनमा राखिएको देखिन्छ । यहाँ निवेदकले निवेदनसाथ पेश गरेको काठमाडौं महानगरपालिकाको सिफारिश एवं त्यस अदालतबाट भएको सर्जमीन मुचुल्का समेतबाट निवेदकको सटर पसल बन्द रहेको भन्ने देखिई कोर्टफी राख्न निजको आर्थिक असमर्थता रहेको तथ्यमा अदालत सन्तुष्ट भएको आधासम्म कोर्टफीको सुविधा प्रदान गर्ने आदेश भएबाट पुष्टि हुन आयो । निवेदक कोर्टफी बुझाउन असमर्थ रहेको तथ्यमा काठमाडौं महानगरपालिकाको सिफारिश एवं सर्जमीन मुचुल्काबाट अदालत विश्वस्त भइसकेपछि ऐनको व्यवस्थाबमोजिम कोर्टफीको सुविधा प्रदान गर्नुपर्नेमा भरपर्दो सबूद प्रमाण बेगर आधाको हकमा मात्र कोर्टफीको सुविधा प्रदान गर्ने गरी बाँकी आधाकै कारणबाट पनि निवेदक अदालतमा प्रवेश हुन नसकी न्यायमा सहज पहुँच हुन पाउने अधिकारबाट बञ्चित हुन जानसक्ने सामान्य अवस्थाको हेक्का नराखी त्यस अदालतबाट भएको मिति २०६९।७।२२ को आदेशलाई

न्यायको रोहमा विवेकपूर्ण र कानूनअनुरूप भएको भन्न सक्ने अवस्था नहुँदा बदर गरिदिएको छ। निवेदकलाई मागबमोजिम कोर्टफी ऐन, २०१७ को दफा २३ अनुसार मुद्दा फैसला हुँदा ठहरेबमोजिम हुने गरी हाललाई फिरादपत्र दर्ता गर्न कोर्टफीको सुविधा प्रदान हुने।
इति संवत् २०६९ साल मंसिर १५ गते रोज ६ शुभम्।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-००९६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. मुहम्मद युसुफ खाँ*

कैफियत प्रतिवेदनको व्यहोरा अवगत भै वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता धर्मराज पौडेलले गर्नु भएको बहस समेत सुनियो। प्रतिवादी मुहम्मद युसुफ खाँले जाहेरवालाहरूले गालीगलौज गरेको कारण कुटपीटसम्म भएको हो, ज्यान मार्ने योजना थिएन भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिएको, पीडितहरूको घा जाँच केश फारामबाट निजहरूको शरीरमा कुनै गम्भीर घा चोट परेको अवस्था समेत नदेखिएको समेत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी त्यस अदालतबाट थुनामा राख्ने गरी भएको आदेश बदर गरी प्रतिवादी महम्मद युसुफ खाँलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम पुर्पक्षको लागि तारिखमा राख्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।४।११ मा भएको आदेश बेरीतको नदेखिँदा केही परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नू।
इति संवत् २०६९ साल मंसिर १५ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-०७१, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. मुखी मियाँ जोलाहा समेत*

जाहेरवालाले अन्य व्यक्तिबाट नाम खुल्न आएको भनी यी प्रतिवादीहरू मुखी मियाँ जोलाहा र गोविन्द महतो नुनियाको नाम जाहेरी दरखास्तमा समावेश गरेको भन्ने उल्लेख गरेको देखिएको, प्रतिवादी आरोपित कसूरमा इन्कार रही बयान गर्नुका साथै प्रतिवादीले नै बन्दुक प्रहार गरेको भन्ने नदेखिई निजहरूबाट बन्दुक समेत बरामद भएको नदेखिएको अवस्थामा प्रतिवादी मुखी मियाँ जोलाहा र गोविन्द महतो नुनियालाई शुरू अदालतले गरेको थुनछेक आदेश बदर गरी पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम पुर्पक्षको लागि तारिखमा राख्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।९।२१ र २०६८।१२।१६ मा भएका आदेश बेरीतको नदेखिँदा परिवर्तन गर्नु नपर्ने।
इति संवत् २०६९ साल मंसिर १५ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की**, प्रतिवेदन नम्बर, ०६९-RE-००२५, ज्यान मार्ने उद्योग, *मिन्टु मल्लिक वि. नेपाल सरकार*

प्रतिवादी मिन्टु मल्लिकले प्रहरीमा बयान कागज गर्दा र अदालतमा समेत कसूरमा इन्कार गरी बयान गरेको देखिन्छ। त्यस्तै जाहेरवालाले समेत प्रतिवादी मिन्टुले कसूरको वारदातमा संलग्न हुनुपर्ने कुनै कारण खुलाउन नसकेको र अन्य प्रतिवादीहरूको बयानबाट समेत प्रतिवादी मिन्टुको संलग्नता स्पष्ट नदेखिएको अवस्थामा निज प्रतिवादी मिन्टु मल्लिकलाई पुर्पक्ष निमित्त थुनामा राख्नुपर्नेसम्मको अवस्था विद्यमान देखिन नआएकोले विदेशी नागरिक भन्दै निजलाई थुनामा राखी पुर्पक्ष गर्ने गरेको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।१।२७ को आदेशलाई सदर गर्ने गरेको अदालत, पाटनको मिति २०६९।३।२९ को आदेश मिलेको नदेखिएकोले बदर गरी दिएको छ। निजलाई पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी सम्बन्धित अदालतमा यो आदेशको मिसिल साथै राखी लेखी पठाउनू।
इति संवत् २०६९ साल मंसिर २७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-RE-०२७८, ०३२४, ०३६७, कीर्ते ठगी, *शिव श्रेष्ठ वि. नेपाल सरकार, भरत बल्लभ दास समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. श्याम पोखरेल समेत*

शुरू मकवानपुर जिल्ला अदालतबाट प्रस्तुत मुद्दामा थुनछेकको क्रममा विभिन्न मितिमा गरेको

थुनछेकको आदेश तथा सोउपर परेको मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिम पुनरावेदन अदालत हेटौंडामा परेका विभिन्न निवेदनमा उक्त अदालतबाट भएका आदेशहरूउपर प्रतिवादीहरू शिव श्रेष्ठ, भरत बल्लभ दास, श्याम पोखरेल, रामकृष्ण श्रेष्ठ र मनहरि गौतमले आफूलाई थुनामा राख्ने गरी गरेको आदेश बदर गरिपाऊँ भनी प्रतिवादी प्रशान्त अग्रवालले आफूलाई धरौटी माग गरेको आदेश बदर गरी साधारण तारिखमा रहनपाऊँ भनी तथा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीहरू प्रशान्त अग्रवाल, पुष्पराज पौडेल, जनार्दन पाण्डे, शेखर घिमिरे, भरतलाल मल्लिक, निकिता मास्के, प्रवेशराज भण्डारी, कमल घिमिरे र रामचन्द्र भण्डारीलाई धरौटी माग गरेको शुरूको आदेश सदर गरेको आदेश बदर गरी थुनामा राखिपाऊँ भनी र प्रतिवादी जीतबहादुर तामाङलाई शुरूले थुनामा राखेको पुनरावेदन अदालत, हेटौंडाको आदेश बदर गरी साधारण तारिखमा राखेको पुनरावेदन अदालत, हेटौंडाको आदेश बदर गरी थुनामा राखिपाऊँ भनी एवं प्रतिवादी राजेन्द्र ढकाललाई साधारण तारिखमा राख्ने गरी भएको आदेश बदर गरी थुनामा राखिपाऊँ भनी यस अदालतमा मुलुकी ऐन अदालती बन्दोबस्तको को १७ नं बमोजिम निवेदन गरेको देखियो । यस अदालतका विभिन्न मितिका आदेशानुसार मकवानपुर जिल्ला अदालतबाट उपरोक्त सबै पक्षको हकमा तीन वटा कैफियत प्रतिवेदन प्राप्त भई पेश हुन आएको हुँदा उल्लिखित प्रतिवादीहरूको हकमा शुरू तथा पुनरावेदन अदालतबाट विभिन्न मितिमा गरिएका थुनछेकसम्बन्धी आदेश तथा पुनरावेदन अदालत हेटौंडाबाट अ.बं. १७ बमोजिम सुनुवाई गरी दिइएको आदेश मिलेको छ, छैन सोही आधारमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा प्रतिवादी प्रशान्त अग्रवालको हकमा विचार गर्दा यी प्रतिवादीउपर शुरू अभियोग पत्रमा मुलुकी ऐन, ठगीको महलको १ र २ नं. समेतको कसूरमा ऐ. महलको ६ नं. बमोजिम सजाय हुन दावी लिएकोमा तत्काल ठगीको ५ नं. अनुसार सजाय हुन भनी अभियोग संशोधन हुन माग गरी अदालतबाट पुनः बयान गराएको देखिन्छ । कीर्ते तथा ठगी गरी खरीद बिक्री गरेको भनिएको जग्गा निजले खरीद गर्दा जग्गाको पूरा रकम भुक्तानी गरेका नभै केही रकम बाँकी नै राखेको भन्ने निज समेतको बयानबाट देखिँदा उक्त कारोवार सहज र स्वाभाविक रूपको देखिएन । नक्कली किशोरकुमार विष्ट बन्ने प्रेमप्रसाद दाहाल र शैलेन्द्र विष्ट बन्ने शिवभक्त अधिकारीले यी प्रतिवादी समेतउपर पोल गरेको कुरा प्रतिवादी विष्णु राईको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान लगायतका अन्य प्रमाणबाट समेत देखिएको र नक्कली जग्गाधनीबाट खरीद भएकोमा आफू स्वयं पनि ठगिएको अवस्था भएको भए निजले तत्काल कानूनी उपचारका लागि उजूरी गर्नुपर्नेमा तत्काल प्राप्त प्रमाणबाट यस्तो भए गरेको नदेखिएको स्थितिमा र अभियोग माग दावीअनुसार निजलाई तीनवर्ष भन्दा बढी कैद हुन सक्ने कानूनी व्यवस्था विद्यमान रहेको परिप्रेक्ष्यमा त्यस जिल्ला अदालतबाट निजलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय (५) नं. बमोजिम धरौट माग गर्ने गरेको आदेश मिलेको देखिएन । निजको हकमा धरौटी माग गर्ने गरी तहाँबाट भएको मिति २०६८।५।१५ को आदेश तथा सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।११।१९ को आदेश बदर गरिदिएको छ। पछि बुझ्दै जाँदा प्रमाणबाट ठहरेबमोजिम हुने नै हुँदा हाल निजलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय (२) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

अर्का प्रतिवादी जीतबहादुर तामाङको हकमा विचार गर्दा यी प्रतिवादीउपर ठगीको १ र ५ तथा कीर्तेको १ र ११ नं. को कसूरमा ठगीको ५ तथा कीर्तेको १ र ११ नं. बमोजिम सजाय हुन दावी लिएको पाइन्छ । अदालतमा समेत कसूर स्वीकार गर्ने मुख्य अभियुक्त प्रेमप्रसाद दाहालले यी प्रतिवादी जीतबहादुर तामाङले ठगी तथा कीर्ते गरी प्राप्त रकम लिए खाएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा लेखाएको समेत देखिएको स्थितिमा तत्काल प्राप्त प्रमाण एवं अभियोग माग दावीअनुसार निजलाई तीन वर्ष भन्दा बढी कैद हुनसक्ने कानूनी व्यवस्था विद्यमान रहेको परिप्रेक्ष्यमा त्यस जिल्ला अदालतबाट निजलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८(२) नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी भएको मिति २०६८।८।९ को आदेशलाई बदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।११।१९ को आदेश बदर

गरिदिएको छ । पछि बुझ्दै जाँदा प्रमाणबाट ठहरेबमोजिम हुने नै हुँदा हाल निजलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय (२) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

अन्य प्रतिवादीहरू शिव श्रेष्ठ, भरतबल्लभ दास, श्याम पोखरेल, रामकृष्ण श्रेष्ठ र मनहरि गौतमलाई थुनामा राखी पुर्पक्ष गर्नु भनी प्रतिवादीहरू पुष्पराज पौडेल, जनार्दन पाण्डे, शेखर घिमिरे, भरतलाल मल्लिक, निकिता मास्के, प्रवेशराज भण्डारी कमल घिमिरे र रामचन्द्र भण्डारीलाई धरौटी माग गरी पुर्पक्ष गर्ने भनी तथा प्रतिवादी राजेन्द्र ढकाललाई साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी शुरू मकवानपुर जिल्ला अदालतबाट विभिन्न मितिमा भएको आदेश सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।११।१९ का विभिन्न आदेशहरू मिलेकै देखिँदा परिवर्तन गरिरहन परेन, कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल मंसिर २० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री कमलनारायण दास,** ०६९-RE-०२९९, कर्तव्य ज्यान, *विकासमान श्रेष्ठ वि. नेपाल सरकार*

यस अदालतको पूर्व आदेशानुसार मृतक सन्तोष श्रेष्ठले मृत्यु पूर्व व्यक्त गरेको कुराहरूको सी.डी. आज यस इजलासबाट अवलोकन गरियो ।

यसमा निवेदक प्रतिवादीको नाम मृतककी पत्नी सुलोचना श्रेष्ठले दिएको जाहेरीमा किटान गरिएको र मौकामा कागज गर्ने सन्तोष गुरुङ, सुरज जोशी समेतले उल्लेख गरी दिएको व्यहोरा र मृत्यु पूर्व घाइते अवस्थामा रहेका मृतकले निवेदकको नाम समेत व्यक्त गरिदिएको प्राप्त सी.डी. समेतको व्यहोरा समेतका तत्काल प्राप्त प्रमाणका आधारमा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी निवेदक प्रतिवादीलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।११।४ को आदेशबमोजिम बेरीतको नदेखिँदा कुनै परिवर्तन गर्नु परेन । कानूनबमोजिम गर्नू ।

निवेदक प्रतिवेदन शाखा के,

यसमा यस अदालतको २०६९।२।१ को आदेशानुसार झिकाई प्राप्त हुन आएको ओरिजिनल सी.डी. सुरक्षितसाथ सम्बन्धित चितवन जिल्ला अदालतमा पठाई दिनू ।

इति संवत् २०६९ साल मंसिर १३ गते रोज ४ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** नि.नं. ०६९-AP-०१३७, अंश, *रत्नभक्त सुवाल वि. आसलाल खर्बुजा समेत*

यसमा मिति २०६६।१०।२७ को मिलापत्रको विषयमा मिलापत्रमा पक्ष विपक्ष नरहेका सो बाहेकका व्यक्तिको निवेदनबाट मिलापत्रको अन्तरवस्तुबारे प्रवेश गरी विचार गर्न नमिल्ने हुँदा त्यस अदालतको मिति २०६९।५।२१ को आदेश परिवर्तन गर्न मिलेन, कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल मंसिर २१ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९ सालको रिट नं. ०६९-RE-००७२, उत्प्रेषण, *सृष्टि न्याइच्याई वि. शारदा गारू समेत*

यसमा निवेदिकाको व्यक्तिगत हकको प्रश्न समेत उठाई प्रस्तुत रिट निवेदन दायर गरेकोमा अनुवंशिक परीक्षण (DNA) को कुरालाई सार्वजनिक सरोकार भनी रिट निवेदनमा लेखेकै आधारमा सम्पूर्ण रिट निवेदनका माग दावीलाई नै निरस्त तुल्याउने गरी दरपीठ गरेको मिलेन । यस अदालतका रजिष्ट्रारबाट मिति २०६९।५।४ मा भएको दरपीठ आदेश बदर गरिदिएको छ । नियमानुसार गरी पेश गर्नू ।

इति संवत् २०६९ साल मंसिर २२ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९ सालको रिट नं. ०६९-RE-००८६, उत्प्रेषण परमादेश समेत, सरीता गिरी वि. प्रधानमन्त्री डा. बाबुराम भट्टराई

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८(८) समेतका व्याख्यात्मक प्रश्न अन्तरनिहीत रिट निवेदनमा रजिष्ट्रारबाट दरपीठ भएको पाइँदा सो संवैधानिक व्यवस्थाको जे जस्तो व्याख्या हो त्यो इजलासबाट हुन वाञ्छनीय हुँदा अधिकारक्षेत्रको अभावमा यस अदालतका रजिष्ट्रारबाट मिति २०६९।७।२० मा भएको दरपीठ आदेश बदर गरिदिएको छ । नियमानुसार पेश गर्नू ।

इति संवत् २०६९ साल मंसिर २२ गते रोज ६ शुभम

# अदालत गतिविधि

## सम्माननीय प्रधान न्यायाधीश खिलराज रेग्मी International Jurists Award 2012 बाट सम्मानीत




सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी भारतको राजधानी नयाँ दिल्लीमा आयोजित **International Conference of Jurists 2012** को उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूलाई **International Council of Jurists** नामक अन्तर्राष्ट्रिय संस्थाले **International Jurists Award 2012** बाट सम्मान गरेको छ। भारतको राजधानी नयाँ दिल्लीमा २०६९ मंसिर १६ र १७ गते सम्पन्न अन्तर्राष्ट्रिय जुरिष्ट सम्मेलनको उद्घाटन सत्रमा २०६९ मंसिर १६ गते आयोजित विशेष समारोहमा भारतको सर्वोच्च अदातलका पूर्व प्रधान न्यायाधीश डा.के.जी. बालकृष्णनले उक्त सम्मान प्रदान गर्नु भएको हो। सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले न्यायको बृहत्तर विकासका लागि न्याय प्रशासनका क्षेत्रमा विगत लामो समयदेखि कानूनको सैद्धान्तिक एवं व्यावहारिक अभ्यासमा पुऱ्याउनु भएको उदाहरणीय र दूरगामी योगदानको कदर गर्दै सो सम्मान प्रदान गरिएको जनाइएको छ।

मिति २०६९ मंसिर १६ गते सम्मेलनको उद्घाटन सत्रमा सहभागी हुँदै सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो। सम्बोधनका क्रममा आतङ्कवाद नियन्त्रणमा न्यायपालिकाको भूमिका विषयमा बोल्दै सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले कानून कार्यान्वयनका क्रममा व्यक्तिको मानवअधिकारको सम्मान गर्ने र कसूरदारलाई सजाय गर्ने कार्यमा सन्तुलन कायम गर्दै न्याय प्रवाह गर्नुपर्ने धारणा राख्नुभएको थियो। यसै क्रममा सम्माननीयज्यूले न्याय सम्पादनका क्रममा सँधै न्यायिक सिद्वान्तलाई अनुशरण गर्दै जनताको बृहत्तर हितलाई केन्द्रमा राखी कार्य गर्नुपर्ने कुरा समेत व्यक्त गर्नुभएको थियो।

सम्मेलनमा भारत, बंगलादेश, पाकिस्तान, फ्रान्स, जोर्डन, इरान- लगायत अन्य देशका न्यायाधीश, कानून व्यवसायी, अभियोजनकर्ता, प्राध्यापकहरूको सहभागिता रहेको थियो। सम्मेलनका क्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले भारत र अन्य देशका न्यायकर्मी, न्यायाधीश, कानून व्यवसायी, अभियोजनकर्ताहरूसँग न्याय र कानूनको विषयमा छलफल समेत गर्नु भएको थियो।




सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीलाई **International Council of Jurists** ले प्रदान गरेको **International Jurists Award 2012** भारतको सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश डा.के.जी. बालकृष्णनले प्रदान गर्नुहुँदै

## नेपाल बार एशोसिएशनद्वारा २०६९ मंसिर २६ गते विराटनगरमा आयोजित केन्द्रीय कार्यकारिणी परिषद्को ३९ औं बैठकको उदघाट्न कार्यक्रमको अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले प्रमुख अतिथिको रुपमा दिनु भएको मन्तव्य

**महिला तथा सज्जनवृन्द** !

पुनरावेदन अदालत विराटनगर बार इकाई तथा मोरंग जिल्ला अदालत बार इकाईको आतिथ्यतामा नेपाल बार एशोसिएशनद्वारा पूर्वाञ्चलको यस सुन्दर नगरी विराटनगरमा आयोजित **समसामयिक सन्दर्भमा नेपाल बार एशोसिएशनको भूमिका र जवाफदेही शासनको आधार, विधिको शासन र मानव अधिकार** भन्ने मूल विषयका साथ सञ्चालन हुन गईरहेको एशोसिएशनको ३९ औं कार्यकारिणी परिषदको बैठकमा आमन्त्रण गरी कार्यक्रमको उदघाट्न गर्दै मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा सर्वप्रथम आयोजकहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

संक्रमणकालीन वर्तमान अवस्थामा विश्व मानव अधिकार दिवसको सन्दर्भ पारी कानूनी शासनको प्रत्याभूतिद्वारा दण्डहीनताको अन्त्य गर्दै जवाफदेहीपूर्ण शासन स्थापनामार्फत् नेपाली जनताको मानव अधिकार संरक्षण, सम्बर्द्धन गर्न नेपाल बारले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा गहन एवं सघन छलफल गरी ठोस निष्कर्ष निकाल्ने समेत अभिप्रायका साथ आयोजित प्रस्तुत कार्यक्रम ज्यादै महत्वपूर्ण एवं सान्दर्भिक रहेको समेत ठानेको छु ।

कानून व्यवसाय न्यायपालिकाको सबैभन्दा ठूलो सामर्थ्य हो, पूँजी हो । उच्च मनोवलयुक्त र पेशागत रूपमा सशक्त बार न्यायपालिकाको प्रभावकारिताको लागि अपरिहार्य छ भने स्वतन्त्र र सक्षम न्यायपालिका विना बारको अस्तित्व सम्भव पनि छैन । वास्तवमा कानून व्यावसायी अदालतका सच्चा पहरेदार मात्र होइनन् यसका प्रवक्ता पनि हुन् । अदालतले आफूले गरेको कामकारवाहीको आफैले प्रचार प्रसार वा प्रतिरक्षा गर्दैन केवल यो त बार वा कानून व्यावसायीको सक्रियतामा भर पर्ने हुनजान्छ ।

स्थापनाकालदेखि नै नेपाल बार एशोसिएशनले आफूलाई शुद्ध पेशागत व्यावसायिक संगठनको रुपमा मात्र सीमित नराखी लोकतान्त्रिक मूल्य मान्यताहरूलाई संस्थागत स्वरुप प्रदान गर्दै संविधान, न्याय एवं कानूनको स्वस्थ्य विकासमार्फत् संविधानवाद, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, कानूनको शासन, सकारात्मक न्यायिक मूल्य, मान्यता र अभ्यासको सम्बर्द्धन एवं प्रबर्द्धन गर्दै आएको हामी सवैमा विदितै छ । विगतदेखि हालसम्मको निरन्तर संघर्षका कारण यस संगठनले लोकतन्त्र र नागरिक स्वतन्त्रताको प्रवर्धन र संरक्षणको विषयमा राष्ट्रिय स्तरमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुका साथै अन्तराष्ट्रिय स्तरमा समेत क्रमशः ख्याति प्राप्त गर्दै गई रहेको पाउँदा हामी सबैलाई सुखानुभूति भएको छ । एशोसिएशनको यस ऐतिहासिक पूँजीलाई भावी दिनमा पनि मजवुती प्रदान गरिने र यसका लागि अग्रज कानून व्यावसायी मित्रहरूद्वारा नवोदित कानून व्यावसायीमित्रहरूमा सिप हस्तान्तरणमार्फत् निरन्तर प्रेरणा प्राप्त भै रहने अपेक्षा पनि गर्दछु ।

व्यावसायिक क्षेत्रमा नेपाली कानून व्यावसायीहरूप्रति नेपाली जनताले धेरै आशा, विश्वास लिंदै ठूलो मात्रामा भरोसा गरेको पनि पाएको छु । कानूनी ज्ञाता हुनाको अतिरिक्त तुलनात्मक रुपमा राजनीतिक व्यवस्था प्रति सचेत रहने भएका कारण पनि कानून व्यवसायीहरूको आचरण एवं व्यवहारलाई विधिसम्मत, तर्कपूर्ण एवं परिपक्व रहेको ठानिन्छ । त्यसैले पनि होला कानून व्यवसायीहरूलाई आधुनिक समाजमा व्यावसायिक वर्गको रूपमा मात्र नलिएर देशको विज्ञ समूह (Think Tank) को रुपमा समेत लिने गरिन्छ ।

अन्तर्राष्ट्रिय अभ्यास एवं राष्ट्रिय परिवेश अध्ययन गर्ने हो भने जनतालाई शुद्ध एवं निष्पक्ष न्याय प्रदान गर्ने कार्यमा कानून व्यवसायीको अहंभूमिका

रहने गरेको अपरिहार्य अवस्था हो । पीडित जनताका आवाजलाई न्यायको ढोकासम्म पुऱ्याउने दायित्व वोकेका कानून व्यावसायी र आफूसमक्ष आएका पीडितलाई प्रभावकारी न्याय दिलाउने न्यायाधीशवीचको सम्बन्ध सदियौंदेखि नै परिपूरकका रुपमा सुमधुर रहदै आएको छ । भावी दिनमा पनि यो सम्बन्ध अटुट रहनु अत्यावश्यक देखिन्छ । यसका अलावा गरिव, अशिक्षित एवं असहाय जनताबीच चेतना प्रवाह गर्ने कार्यको नेतृत्व पनि कानून व्यावसायी मित्रहरूवाट नै हुने भएकाले उनीहरूलाई सामाजिक अभियन्ताको उपमा पनि दिने गरिएको हो भन्ने मलाई लाग्दछ । व्यवसायको यही संवेदनशीलताको कारण जनताले न्यायाधीश एवं कानून व्यावसायीवाट उच्चस्तरको निष्ठा, इमानदारिता, निष्पक्षता, धैर्यता, सदाचार जस्ता व्यवहार र आचरणको अपेक्षा गरेको पाइन्छ । यी विषयहरूका सम्बन्धमा दैनन्दिन रुपमा विभिन्न कोणबाट हामीहरूको मूल्याङ्कन एवं परीक्षण भइरहने र त्यसमा खरो उत्रेमा मात्र समग्र न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि भई यो सबैको आस्थाको धरोहरको रुपमा स्थापित हुने भएकाले हामी सवैको व्यवहार एवं आचरणमा शुद्धता, निष्पक्षता एवं धैर्यता हुन जरुरी छ ।

उल्लिखित तथ्यलाई हृदयंगम गर्दै स्वच्छ सुनुवाइका लागि कानून व्यावसायीको अनिवार्य प्रतिनिधित्व, असमर्थ पक्षका लागि निःशुल्क कानूनी सेवा जस्ता न्याय सम्पादन प्रक्रियाका आधारभूत पक्षहरूका सम्बन्धमा संवैधानिक प्रत्याभूति गरिएको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ न्याय सम्पादनको हरेक चरणमा कानून व्यावसायीको प्रतिनिधित्व एवं सहयोग अपरिहार्य ठान्ने संस्कृतिको विकास पनि हामीकहाँ भैसकेको अवस्था छ । परिणामतः न्याय सम्पादन प्रक्रियामा कानून व्यवसायीको अनुपस्थितिको परिकल्पना कहिकतै गरिएको अवस्था नहुँदा न्याय सम्पादनमा गुणस्तरीयता प्रदान गर्न संविधान एवं कानूनद्वारा बार र वेञ्चबीच सदैव पारस्परिक सहयोगको अपेक्षा गरिएको छ भन्ने पनि मलाई लाग्दछ ।

समाज विकासको क्रममा परम्परागत मूल्य मान्यताहरूमा पनि क्रमश परिवर्तन आई नवीन मूल्य मान्यताहरूको पनि विकास हुदै जाने गर्दछ । यो नियमित प्रक्रिया पनि हो । तर विकास प्रक्रियासंगै विकसित हुने नवीनता र त्यसले निम्त्याउने जटिलताहरू पनि हामीले सामना गर्नै पर्दछ । यसलाई स्वाभाविक ठान्नु पनि पर्दछ । उत्पन्न यी नवीन एवं जटिल परिस्थितिको कारण संस्थाहरूले केही चुनौतिपूर्ण अवस्थाको सामना गर्नुपर्ने हुन सक्तछ । यो अवस्थावाट न्यायपालिका एवं नेपाल बार एशोसिएशन पनि अछुतो रहन नसकेको मैले अनूभुति गरेको छु । यी दुवै संस्थाको प्राथमिक उद्धेश्य शुद्ध एवं निष्पक्ष न्याय सम्पादन नै हो । तथापी कार्यप्रकृतिमा रहेको भिन्नताको कारण हाम्रो भूमिका केही पृथक रहनु स्वभाविक हुन्छ । तापनि मुद्दाको कारवाही, निर्णय तथा फैसला कार्यान्वयनमा अनपेक्षित रुपमा हुने ढिलाई, सीमान्तकृत वर्गको न्यायमा सहज पहुँचको अभाव जस्ता विषयहरूमा सुधार ल्याउन हामीले संयुक्त रुपमा प्रयास गर्नुपर्ने अपरिहार्यता मैले महसूस गरेको छु ।

दैनन्दिन एवं नियमित सम्पर्कमा रही न्याय सम्पादनको कार्यमा लागीपर्ने न्यायाधीश, कर्मचारी एवं कानून व्यावसायीबीच अभ्यासका क्रममा विगतदेखि नै सुमधुर सम्बन्ध रहीआएको छ । नियमित रुपको भेटघाट र छलफलद्वारा समाधान हुने विषयमा धैर्यता कायम राखी द्विपक्षीय रुपमा छलफल गरिएमा भावी दिनमा पक्कै पनि बार र वेञ्चवीच कुनै प्रकारको समझदारीमा कमी नआउने र प्रगाढ सम्बन्ध कायम रहने कुरामा म विश्वस्त छु । यसका लागि हामीवीचको नियमित सम्बाद एवं छलफललाई मैले सदैव हार्दिकतापूर्वक स्वागत गर्दै आएको तथ्य पनि यहांहरूमा पुनः स्मरण गराउन चाहन्छु । यसका अतिरिक्त बारले समय समयमा उठाएका आवश्यक, उपयुक्त र सम्भव विषयलाई यथासमय संवोधन गर्दै जानु पनि पर्छ र जाने पनि हो । कतिपय विषय तत्काल व्यवस्थापन गर्न असहज परिस्थिति आई कठिन पनि हुन्छ । त्यसलाई चिर्दै समयको अन्तरालमा वाटो पहिल्याउदै अगाडि बढनु नै पर्छ । त्यसतर्फ म सचेत र प्रतिवद्ध पनि छु ।

नेपाल विगत लामो समयदेखि संक्रमणकालीन अवस्थाबाट गुज्रँदै आएको यथार्थ हामी कसैबाट छिपेको छैन । त्यस्तो संक्रमणकालीन अवस्थाको प्रभाव राज्यका

अन्य निकायहरू जस्तै न्यायपालिकामा पनि पर्दै गएको महसूस हामी सबैले गरेका छौं । यसै बीच सर्वोच्च अदालतलगायत मातहत अदालतहरूमा न्यायाधीश लगायतका जनशक्तिको संख्या क्रमशः घट्दै गएको अवस्थाले पनि न्यायपालिकाका सरोकारवाला सबैलाई चिन्तित तुल्याएको छ । यस सम्बन्धमा सञ्चार माध्यमहरूमा विभिन्न कोणबाट प्रकाशित एवं प्रसारित समाचारहरूप्रति हामी गम्भीर भएका छौं । यस सम्बन्धमा म के भन्न चाहन्छु भने संविधान सभा वहाल रहँदाको अवस्थामा संविधानतः संविधान जारी नगरिकन यसको विघटनको परिकल्पना कसैबाट पनि गरिएको थिएन । आज आएर त्यसरी संविधान सभाको अवसान हुने अवस्थाको ठोकुवा गर्नु यथार्थ हुन सक्ला, तर संविधान सभा वहाल रहँदाकै अवस्थामा त्यस्तो परिकल्पना गरिनु आफैंमा संविधान प्रतिकूलको सोच हुन जान्थ्यो ।

२०६८ जेठ १४ गते भन्दा अगाडि राज्य पुनर्संरचना र संघीयता लगायतका विषयमा गहन एवं सघन रुपमा छलफल एवं विचार विमर्श भैरहेका थिए, जसको प्रभाव न्यायपालिकीय संरचनालगायत न्यायाधीश नियुक्ति प्रक्रियामा पनि पर्ने निश्चितप्रायः रहेको हामीले ठानेका थियौं । यसै सन्दर्भलाई दृष्टिगत गर्दै न्यायाधीश नियुक्तिको प्राथमिक जिम्मेवारी पाएको न्याय परिषद् पनि नयाँ संवैधानिक संरचनाअनुरूप जनशक्ति व्यवस्थापन गर्न तयार भएर बसेको अवस्था थियो । संविधान सभा विघटन हुनु तत्काल अघिसम्म सर्वोच्च अदालतमा १५ जना न्यायाधीश वहाल नै रहेको यथार्थलाई पनि हामीले विर्सन मिल्दैन । तर, कसैबाट कल्पनासम्म पनि नगरिएको संविधान सभा दुर्भाग्यवस विघटन हुन पुग्यो, जसको प्रभाव स्वाभाविक रुपमा अन्य क्षेत्रमा जस्तै न्यायपालिकामा पनि पर्न गयो । परिणामतः सर्वोच्च अदालतमा न्यायाधीशको दरबन्दी रिक्त हुँदै जाने तर नियुक्ति प्रक्रिया अगाडि बढाउन नसकिने खालको अत्यन्त कठिन अवस्थामा हामीलाई पुऱ्याएको छ । यो तीतो यथार्थ यहाँहरू सबैलाई विदितै छ । यो अवस्थालाई चिर्दै अगाडि वढ्न नेपाल बार एशोसिएशनको भूमिका र सहयोग प्रभावकारी हुनेछ भन्ने अपेक्षा पनि गरेको छु ।

यसै सन्दर्भमा संविधान सभा विघटन भई हालको अवस्था आउँछ भन्ने पूर्व जानकारी हुँदाहुँदै पनि न्याय परिषद् एवं प्रधान न्यायाधीशले कार्य नगरेको भन्ने जस्ता हल्का टिप्पणी र तर्कहरू पनि उठाइने गरेको कुरा प्रकाशमा आई रहेको छ । यस सम्बन्धमा पनि म के भन्न चाहन्छु भने तत्कालीन अवस्थामा संविधानले तोकेको समयावधिभित्र नै संविधान जारी हुन्छ भनी संविधान सभामा निर्णायक भूमिकामा रहनु भएका नेतृत्ववर्ग र पदाधिकारीहरूले देश र जनतालाई विश्वास दिलाइरहनु भएको र सोहीअनुसार संविधान सभा क्रियाशील रहेको अवस्थामा कुनै पक्षबाट पनि परिकल्पना नगरिएको संविधान सभा विघटनको अनुमान केबल न्याय परिषद् वा प्रधान न्यायाधीशले मात्र गर्नु पर्ने आशयका अभिव्यक्तिलाई यथार्थपरक मान्न सकिँदैन, न त संविधानअनुकूल नै मान्न सकिन्छ । राज्य संयन्त्रका अन्य निकायहरू जस्तै न्याय परिषद् पनि संविधान सभाद्वारा नयाँ संविधान घोषणाको व्यग्र प्रतिक्षामा रहेको थियो । ती सबै यथार्थलाई आत्मसात् गरी तत्कालीन अवस्था, संविधान सभा विघटनपश्चात्का घटनाक्रम एवं वर्तमान सन्दर्भ समेतलाई एक अर्कासँग अन्योन्याश्रित मानेर विश्लेषण गरिएमा मात्र सही निष्कर्षमा पुग्न सकिन्छ । केबल वर्तमान अवस्थालाई मात्र आधार मानी विश्लेषण गर्दै अमुक निकाय वा पदाधिकारीलाई मात्र जिम्मेवार ठहऱ्याउँदा तत्कालीन परिस्थिति र सो पश्चात्का घटनाक्रमहरूलाई नियतवस पन्छाएर एकांगी ढंगले विश्लेषण गरेको अर्थवोध हुने तर्फ पनि म यहाँहरू सबैको ध्यानाकर्षण गराउन चाहन्छु । यसै बीच मातहत अदातलहरूमा न्यायाधीश नियुक्ति प्रक्रिया प्रारम्भ भैसकेको र सो प्रक्रियालाई यथासक्य चाँडो सार्थकतामा पुऱ्याइने कुरा पनि म यहाँहरू सबैलाई जानकारी गराउन चाहन्छु ।

सारांशमा भन्नुपर्दा, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, संवैधानिक सर्वोच्चता, कानूनको शासन, प्रेस स्वतन्त्रता जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यताले मूर्तरुप पाउन बार र वेञ्चबीचको सहकार्यमा जोड दिदै यी विषयमा हामीबीचको सुमधुर सम्बन्ध यथावत् कायम राख्न थप सहकार्यका लागी

म आव्हान गर्न चाहन्छु । साथै एकै उद्देश्य एवं शैक्षिक पृष्ठभूमिका हामीहरू संविधान एवं कानूनले निर्देश गरे अनुरूप निष्ठा एवं इमानदारिताका साथ अघि बढ्न सक्यौ भने हाम्रा कार्यहरू पक्कैपनि परिणाममुखी हुनेछन् भन्ने मलाई लागेको छ । यहाँनेर के बुझ्न पनि जरुरी ठानेको छु भने जतिसुकै परिपक्व न्याय व्यवस्थाको परिकल्पना गरेको भएतापनि त्यसको कार्यान्वयनका क्रममा सरोकारवाला निकायहरूको इमानदारीपूर्ण सक्रियताले नै महत्व राख्ने गर्दछ र यस्तो सक्रियतालाई समयक्रमअनुरूप परिमार्जन गर्दै पनि लैजान सक्नुपर्दछ । हाम्रो निष्ठा र इमानदारिता भन्ने कुरा केवल संविधान, कानून र न्यायिक फैसलाले मात्र निर्धारण गर्ने विषय होइन, हामी आफैले पनि निर्माण गर्ने कुरा हो । न्यायिक फैसलाहरू त केवल कानून प्रतिकूलताका कुराहरूलाई नियन्त्रण र रोकथाम गर्न मात्र पर्याप्त हुने गर्दछन् । यसै सन्दर्भमा अमेरिकाका रङ्गभेदनीति विरोधी प्रसिद्ध नेता Martin Luther King, Junior ले "Morality cannot be legislated, but behavior can be regulated; Judicial decrees may not change the heart, but they can restrain the heartless" भनी व्यक्त भनाईलाई समेत यहाँहरू समक्ष स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, न्यायपालिका हामीहरू सबैको साझा धरोहर हो । यो हाम्रो आश्रयस्थल र कर्मस्थल दुवै हो । न्यायपालिका कमजोर हुदा यसका सरोकारवालाहरूपनि स्वतः कमजोर हुनपुग्ने यथार्थतालाई हामी सबैले मनन गर्नै पर्दछ । त्यसैले न्यायपालिकालाई दुर्वल तुल्याएर हामी कोहीपनि सवल हुन सक्तैनौ भन्ने यथार्थवोध गरेर न्यायपालिकाको सवलीकरणको लागि हातेमालो गर्दै अघि वढ्ने तर्फ पनि ध्यानाकर्षण गराउन चाहन्छु । वर्तमान संक्रमणकालीन अवस्थामा नेपाल बार एशोसिएसनले आयोजना गरेको प्रस्तुत कार्यक्रममा भेला हुनुभएका वौद्धिक व्यक्तित्वहरूका वीचको सघन छलफल एवं वहसबाट निस्कने निस्कर्षले निश्चय नै **समसामयिक सन्दर्भमा नेपाल बार एशोसिएशनको भूमिका र जवाफदेहीपूर्ण शासनको आधार, विधिको शासन र मानव अधिकार** को नारा सार्थक भै हामीबीचको सम्बन्ध थप सुमधुर हुने आशा एवं विश्वासका साथ कार्यक्रमको पूर्ण सफलताको कामना गर्दछु । यस समारोहमा मेरो सम्बोधन पूर्व मलाई International Council of Jurists द्वारा प्रदान गरिएको International Jurists Award 2012 का सम्बन्धमा नेपाल बार एशोसिएशनका महासचिव विजय मिश्रजीले धेरै कुराहरू प्रष्ट पारिसक्नु भएकाले मैले यस सम्बन्धमा थप भन्न चाहिन । मलाई प्राप्त अवार्डका लागि सम्मानस्वरुप नेपाल बार एशोसिएशनका अध्यक्षज्यूले दोसल्ला ओढाई सम्मान गर्नुभएकोमा नेपाल बार एशोसिएशन तथा यस सभालाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । साथै उक्त सम्मानलाई मैले नेपालको न्यायपालिका लगायत समस्त न्यायक्षेत्रको सम्मानको रूपमा लिएको छु । न्याय सम्पादनको कार्य एक्लै हुने होइन । यो त कानून व्यावसायी, न्यायाधीश, कर्मचारी लगायत सवै सरोकारवाला पक्षहरूको समामूहिक सहकार्यको परिणाम हो । न्यायक्षेत्र मध्ये विद्वान कानून व्यावसायी मित्रहरूवाट व्यक्तिगत रुपमा र नेपाल बार एशोसिएशन एवं यस सम्वद्ध संस्थाहरूवाट संस्थागत रुपमा मैले प्राप्त गरेको सहयोग र सदभावका लागि म यहाँहरू सवैलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । मेरा यी भावनाहरूलाई यहाँहरूले हार्दिकतापूर्वक ग्रहण गर्नुहुनेछ भन्ने आशा एवं विश्वास पनि लिएको छु ।

कार्यक्रमको उदघाटन गर्न आमन्त्रण गरी मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा पुनः आयोजक नेपाल बार एशोसिएशन, इकाई बारहरू लगायत उपस्थित सम्पूर्ण विद्वान विदुषी महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको पूर्ण सफलता र यसले राखेको उद्देश्यमा ठोस उपलव्धीमूलक निकास होस् र त्यसले न्यायपालिकालाई मद्दत गरोस् भन्ने शुभकामनाका साथ यहाँहरूवाट विदा हुन चाहन्छु ।

धन्यवाद !

## कम्प्युटर अपरेटरहरूको लागि नेपाली भाषाको भाषिक तालीम सम्पन्न

यही २०६९ साल मंसिर २६ र २७ गते सर्वोच्च अदालतको सम्पादन तथा प्रकाशन समितिको आयोजनामा सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा कार्यरत कम्प्युटर अपरेटरहरूलाई नेपाली भाषा शुद्ध लेखन सम्बन्धमा प्रशिक्षण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमको उद्घाटन गर्दै सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष एवं सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाश वस्तीज्यूले सर्वोच्च अदालतका फैसलाहरू सबैका लागि बन्धनकारी भए जस्तै भाषागत आधारमा पनि सर्वोच्च अदालत अनुकरणीय हुन आवश्यक छ भन्नुभयो । सो कार्यक्रममा उपस्थित प्रशिक्षार्थी तथा प्रशिक्षकहरूलाई स्वागत गर्दै समितिका सदश्य तथा सर्वोच्च अदालतका सहरजिष्ट्रार श्री लालबहादुर कुवँरले यस प्रकारको प्रशिक्षण कार्यक्रमबाट अदालती कामकारवाहीमा भाषागत शुद्धता आउने कुरामा विश्वस्त हुन सकिन्छ भन्नुभयो । सम्पादक तेजेन्द्र सापकोटाबाट सञ्चालित प्रस्तुत कार्यक्रममा सम्पादन तथा प्रकाशन शाखाका कर्मचारीहरूले प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई आवश्यक सहयोग पुऱ्याएका थिए । काठमाडौं स्कूल अफ लका नेपाली भाषा शिक्षक श्री रामचन्द्र फुँयालको समूहले यस कार्यक्रममा प्रशिक्षण दिएको थियो । यस प्रकारको भाषा प्रशिक्षणबाट अदालती काम कारवाहीका भाषाहरूमा शुद्धता कायम हुने र काम कारवाहीमा एकरूपतासमेत हुने अपेक्षा गरिएको छ ।



**कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुदै माननीय न्यायाधीश श्री प्रकाश वस्ती साथमा सहरजिष्ट्रार श्री लालबहादुर कुँवर**

## अदालती कामकार्बाहीमा नेपाली भाषा शुद्ध लेखनसम्बन्धी भाषिक प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम, २०६९

### विशेष तह
### (अधिकृत स्तरका कर्मचारीहरूका निम्ति)

**यस पाठ्यक्रमका मूलभूत उद्देश्यहरू निम्नानुसार छन्:**

१. भाषा र यसको वर्णविन्यास पक्षको आधारभूत जानकारी प्रदान गर्ने,
२. नेपाली भाषा कसरी शुद्ध लेख्ने भन्ने जानकारी दिने,
३. भाषासँग सम्बन्धित सैद्धान्तिक, व्याकरणिक र प्रायोगिक पक्षहरूको अभ्यासमूलक ज्ञान प्रदान गर्ने
४. न्यायिक क्षेत्रको कानूनी भाषाको लेखन परम्पराको अध्ययन विश्लेषण र त्रुटि पहिचान गरी सुधारका लागि अभ्यास गर्ने,
५. कानूनी नेपाली भाषाको सरलीकृत तथा सहजीकृत लेखनतर्फ अभिप्रेरित गर्ने, आदि ।

उपर्युक्त मूल उद्देश्यमा केन्द्रित रही त्यसअन्तर्गतका आवश्यक पर्ने अन्य थुप्रै भाषिक ज्ञानसम्बन्धी जानकारी प्रदान गर्न अनुकूल हुने गरी भाषा प्रशिक्षण कार्यक्रमको कक्षाका लागि योजना गरिएको कक्षा समय तथा प्रशिक्षण शैलीको व्यवस्थापन र पाठ्य विषयवस्तु निम्नानुसार निर्माण गरिएको छ :

**पाठ्य विषयवस्तु**

**१. नेपाली भाषा र वर्णविन्यास**

- अध्ययनको पृष्ठभूमि
  - भाषाको अवधारणागत सन्दर्भ
  - भाषाका स्वरूपहरू : कथ्य-लेख्य, समाजपरक, प्रयोजनपरक
  - नेपाली भाषा, प्रयोजनपरक नेपाली र यसको कानूनी स्वरूप
- वर्णविन्यास परिचय
- नेपाली भाषामा वर्णविन्यासको आवश्यकता: कानूनी सन्दर्भमा यसको महत्त्व

**२. नेपाली भाषाको वर्णविन्यास**

- वर्णविन्यासका क्षेत्रहरू :
  - ह्रस्वदीर्घ
  - इकार
  - उकार
    - श-ष-स
    - ए-य-ये
    - क्ष-क्षे-छे-च्छे
    - ब-व, व-ओ, आदि ।

**३. सन्धि नियम र वर्णविन्यास**

- शब्दनिर्माण प्रक्रिया :
  - उपसर्ग,
  - प्रत्यय
  - समास, आदि

**४. वर्णविन्याससम्बन्धी थप सन्दर्भ र त्यसका प्राविधिक पक्ष**

- सग्ला अक्षर : स्वर तथा व्यञ्जन
- आधा अक्षर
- संयुक्ताक्षर
- हलन्त-अजन्त
- विशिष्ट किसिमबाट हेरिनु पर्ने पक्षहरू
  - त, त्त, ट, ट्र,
  - ऋकार प्रयोग : कृ, क्रि, कि,
  - शृंखला, श्रृंखला, शृङ्खला ....
  - द्ध-द्व, ध-द्य,
  - हरू, हरु, रुप, रूप, ...
- अध्ययन अध्यायन न्यायधीश न्यायाधीश...

**५. नेपाली व्याकरण तथा मूलभूत भाषिक नियम**

- पदयोग तथा पदवियोग
- पदसङ्गति, कर्ता-क्रिया संयोजन

- पञ्चम वर्ण, शिरबिन्दु, चन्द्रबिन्दु
- केही कानूनी शब्दहरूको शुद्धलेखन अभ्यास
- कानूनी टुक्का र केही कानूनी टुक्काहरूको शुद्धलेखन अभ्यास

**६. कानूनी वाक्य र फैसला लेखन**

- कानूनी वाक्यको प्रकृति र स्वरूप
- लामा वाक्यको समस्या र समाधानका उपायहरू
- वाक्यविश्लेषण
- दोहोरो अकरणको प्रयोग
- अभिव्यक्तिगत सन्दर्भ : सरल अभिव्यक्तिको आवश्यकता
- अदालती क्षेत्रमा प्रयुक्त कानूनी वाक्यका उदाहरण र समस्या
- समाधानका उपायहरू

**७. परिष्कृत नेपाली भाषा र शुद्ध शब्दचयन**

- भाषिक शुद्धता र अशुद्ध प्रयोगको अवस्था
- केही प्रचलित अशुद्धिहरू
- शुद्ध प्रयोग हुने केही शाब्दिक उदाहरणहरू
- अदालती लिखतका शुद्धाशुद्धिको विचारणीय केही लिखतहरूको उदाहण
- पदयोग तथा पदवियोगका कारण हुन जाने त्रुटिको गाम्भीर्य
- अभ्यास

**८. कानूनी भाषासुधारका पक्षहरू**

- भाषाको प्रयोगमा ध्यान दिनु पर्ने कुरा :
  - स्पष्टता
  - सङ्क्षिप्तता
  - सरलता
- वर्णविन्यास र शुद्धताका निम्ति जोड दिइनु पर्ने आवश्यक क्षेत्र र गर्न सकिने कार्य
  - राज्यका प्रमुख प्रशासनिक निकायको प्रकाशन
  - अदालती क्षेत्र : उच्च अदालतदेखि मातहत अदालतका प्रकाशनहरू
- अध्ययनको संश्लेषण तथा निष्कर्ष र अन्तरक्रिया

## अदालती कामकारवाहीमा नेपाली भाषा शुद्ध लेखनसम्बन्धी भाषिक प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम, २०६९

### प्रारम्भिक तह
### (सहायक स्तरका कर्मचारीहरूको निम्ति)

**यस पाठ्यक्रमका मूलभूत उद्देश्यहरू यसप्रकार छन् :**

१. भाषा तथा नेपाली भाषाको सामान्य ज्ञान उपलब्ध गराउने,
२. नेपाली भाषाको शुद्धाशुद्धि (शुद्ध तथा अशुद्ध लेखन) बारे अभ्यासमूलक तथा प्रयोगात्मक तरिकाबाट जानकारी प्रदान गर्ने,
३. नेपाली भाषाको शुद्ध लेखन/टङ्कण कसरी गर्ने भन्ने ज्ञान दिने,
४. भाषिक शुद्धतामा प्राविधिक तथा व्यावहारिक पक्षका सम्बन्धमा जानकारी दिने, आदि ।

उपर्युक्त मूल उद्देश्यमा केन्द्रित रही त्यसअन्तर्गतका आवश्यक पर्ने अन्य थुप्रै भाषिक ज्ञानसम्बन्धी जानकारी प्रदान गर्न अनुकूल हुने गरी भाषा प्रशिक्षण कार्यक्रमको कक्षाका लागि योजना गरिएको कक्षा समय तथा प्रशिक्षण शैलीको व्यवस्थापन र पाठ्य विषयवस्तु निम्नानुसार निर्माण गरिएको छ :

**पाठ्य विषयवस्तु**

**१. भाषा परिचय तथा वर्णविन्यास**

- भाषासम्बन्धी आधारभूत जानकारी
- नेपाली भाषा, यसको कानुनी स्वरूप
- नेपाली भाषाको वर्णविन्यास पक्ष
  - वर्णविन्यासको परिचय
  - कानुनी नेपाली भाषामा वर्णविन्यासको आवश्यकता र महत्त्व
  - नेपाली भाषाका शब्दस्रोतको आधारमा वर्णविन्यासको सन्दर्भ
  - वर्णविन्यासका क्षेत्रहरू :

- ह्रस्वदीर्घ :
  - इकार,
  - उकार
- श-ष-स,
- ए-य-ये,
- क्ष-छे,
- ब-व ... आदि ।

**२. सन्धिका आधारमा हुने वर्णविन्यास तथा प्राविधिक पक्ष समेतको जानकारी**

- शब्दनिर्माण प्रक्रिया : उपसर्ग, प्रत्यय आदि निर्मित शब्द, जस्तै न्यायाधीश ...
- उपर्युक्त वर्णविन्याससम्बन्धी नियमहरूको प्रयोगात्मक अभ्यास
- वर्णविन्याससम्बन्धी थप जानकारी तथा प्राविधिक पक्ष
  - सग्ला अक्षर : स्वर तथा व्यञ्जन
  - आधा अक्षर
  - संयुक्ताक्षर
  - हलन्त-अजन्त
- विशिष्ट किसिमबाट हेरिनु पर्ने पक्षहरू
  - त, त्त, त्, त्
  - ऋकार प्रयोग : कृ, क्रि, कि,
  - शृंखला, श्रृंखला, शृङ्खला ....
  - द्ध-द्ध, ध-द्य,
  - हरू, हरु, रुप, रूप, ... आदि ।
- यससम्बन्धी केही सामान्य प्राविधिक जानकारी
- शुद्धाशुद्धिसम्बन्धी केही शाब्दिक उदाहरण

**३. शुद्ध लेखनका सन्दर्भमा प्राविधिकहरूका लागि व्यावहारिक ज्ञान तथा सुझाव**

- पदयोग र पदवियोगबारे ज्ञान
  - पदयोग हुने र पदवियोग हुने शाब्दिक उदाहरण
  - यससम्बन्धी अभ्यास
  - पदयोग तथा पदवियोगका कारणबाट हुने त्रुटि र समस्या
- ख्याल राख्नुपर्ने आधारभूत कुरा
  - पदसङ्गति, कर्ता-क्रिया संयोजन,
  - पञ्चम वर्ण, शिरबिन्दु, चन्द्रबिन्दु,
- समग्र अध्ययनको सार र अभ्यास
- व्यावहारिक पक्ष र सचेतना
  - स्पष्ट, सङ्क्षिप्त र सरल भाषिक प्रयोगको आवश्यकता र यसमा प्राविधिकको भूमिका
  - अस्पष्ट, क्लिष्ट र अशुद्ध लेखाइलाई निरुत्साहित गर्नुपर्ने
  - भाषिक ज्ञान सबैले जान्दा राम्रो हुने,
  - भाषिक सामग्रीको अध्ययन र प्रशिक्षणमूलक कार्यक्रमहरूमा रुचिपूर्ण सहभागिताको आवश्यकता,